# अध्याय - एक

# परिचय

## १.१ अध्ययनको पृष्टभूमि

सैद्धान्तिक रुपमा महिला र पुरुष विच भिन्नता नरहेपनि व्यवहारिक रुपमा विश्वव्यापी नै असमानता छ र देशै पिच्छे यसको दर र स्वरुप फरक हुन सक्दछ । अविकसित तथा विकसोन्मुख देशको तुलनामा विकसित देशमा कम भएपनि ती देशहरुमा समेत समाजका अर्थ राजनीति, प्रशासन तथा सामाजिक व्यवस्थामा महिलाको उल्लेख्य स्थान रहन सकेको छैन । घरायसी कार्यबाट अधिकांश महिला अलग हुन नसकेको एउटा अवस्था छ भने प्राकृतिक रुपमा नै महिलाहरुले बच्चा जन्माउनु पर्ने तथा त्यसको स्याहार, सुसारमा बढी ध्यान दिनुपर्ने अवस्थाले उनीहरु पुरुष सरह घरबाहिरका सार्वजनिक वा सामाजिक काममा संलग्न हुन कठिने देखिन्छ । अझ ईस्लाम धर्ममान्ने धार्मिक कट्टरता रहेका समाजमा महिला स्वतन्त्रताको पक्ष निकै कमजोर अवस्थामा छ । विश्वमा नै पितृसत्तात्मक पारिवारिक ढाँचा रहेको कारण संरचनागत तथा संस्थागत रुपमा नै लैङ्गिक विभेदको विकास भएको छ । विश्वका विकसित देशहरुको साथसाथै कतिपय दक्षिण एशियाली देशहरु भन्दा पनि नेपाल पछाडि रहेको अवस्था छ । २०६८ सालको जनगणानाले नेपालका ५ वर्ष वा सो भन्दा माथिल्लो उमेरका कूल जनसंख्यामा ६५.९ प्रतिशत व्यक्तिहरु साक्षर रहेको देखाएको छ । यो उमेर समूहका कूल पुरुषको ७५.१ प्रतिशत र महिलाको ५७.४ प्रतिशत साक्षर रहेका छन् । यसैगरी देशमा महिला परिवार मूली रहेका परिवारहरु २५.७३ प्रतिशत पुगेको देखिएको छ (के.त.वि २०६९) । २०६८ को गणनामा देशका कूल परिवारको १९.५ प्रतिशत प्रतिशत परिवारहरुमा महिलाको नाममा घर वा जग्गा रहेको देखिएकोमा अहिले यो वढेर २५.९ प्रतिशत पुगेको देखिन्छ ( NLSS २०१८ ) ।

आर्थिक उपार्जन हुने कार्यमा संलग्न हुने प्रक्रिया नै रोजगारी हो । आयमूलक कार्यमा नेपालका महिलाहरुको उपस्थिति हेर्दा स्थिति चिन्ताजनक देखिन्छ । नेपालको रोजगारका प्रत्येक क्षेत्रमा महिला र पुरुष बीच विभेद छ । आयमूलक कामका विभिन्न क्षेत्रमा महिला र पुरुषको सहभागिता समान खालको

नभएपनि बदलिदो राजनैतिक व्यवस्था, पश्चिमीकरण र आधुनिकीकरणको बढ्दो प्रभावल गर्दा अहिले नेपालमा पनि महिला शिक्षाको अनिवार्यतालाई केही दशक अगाडी देखि लिएर स्विकार गरिएको पाइएको छ । त्यस्तै नेपालको संविधान २०७२ ले पनि लैंगिक भेदवाव रहित समाजको स्पष्ट व्याख्या गरेको छ । यस्ता विभिन्न कारणले गर्दा वर्तमान अवस्थामा केही महिलाहरु शिक्षित बनेका छन् । आफू शिक्षित भएका कारण ति शिक्षित महिलाहरु सरकारी तथा निजी क्षेत्रका विभिन्न सेवाहरुमा कार्यरत छन् र आय आर्जन गर्न सक्षम भई सकेका छन् । यद्यपि अझै अधिकांश महिलाहरु शिक्षामा पछि परिरहेका छन् । जसका कारण उनीहरु रोजगार विहिन भई केवल घरायसी कामकाज, रेखदेख घाँस दाउरा संकलनमा मात्रै संलग्न रही आर्थिक आर्जनको अवसरबाट बन्चित रही आर्थिक पराधिनताको पारिवारिकसंसारमा नै सिमित रहेका छन् । यसरी शिक्षित एवं रोजगार महिलाहरु र अशिक्षित एवं शिक्षित भईकन पनि बेरोजगार महिलाहरुको सामाजिक आर्थिक स्थितिमा निश्चित रुपमा धेरै भिन्नताहरु हुने गर्दछन् । उत्पादनशील काममा संलग्न महिलाहरुको हैसियत अनुत्पादनक काममा संलग्न महिलाहरुको हैसियतको तुलनामा श्रेष्ठ हुने कुरामा कुनै विवाद हुन सक्दैन । यस्तो पृष्ठभूमिमा यस अध्ययनले रोजगार महिलाहरुको पारिवारिक, सामाजिक एवं आर्थिक हैसियत के कस्तो छ भनेर रोजगार महिलाहरुको स्थितिको बारेमा अध्ययन गर्ने प्रयास गरेको छ र यस अध्ययनले नेपाली समाजको वास्तविक रुपरेखालाई प्रतिविम्वित गर्नेछ भन्ने आशा मैले लिएकी छु ।

## १.२ समस्याको कथन

हाल आएर महिलाहरुले घरायसी धन्दाको रुपमा गर्ने कामलाई पनि आयमूलकको दर्जामा राखेर अध्ययन गर्ने परिपाटीले धेरैजसो महिलाहरुलाई आर्थिक रुपमा क्रियाशील देखाएको पाइएता पनि यथार्थमा रोजगार महिलाहरुको संख्या न्यून छ । नेपालमा महिलाको सरकारी कर्मचारीको रुपमा उपस्थितिको प्रतिशतले यो तथ्य स्पष्ट हुन्छ । घरायसी धन्दालाई आयमूलकको दर्जामा परिभाषित गर्नुप्रर्दछ भन्ने अवधारणा स्थापित हुन लागेपनि यस अध्ययनमा घरायसी, कृषि एवं अन्य व्यवसायिक कारोबारमा संलग्न महिलाहरु नभई विशुद्ध नोकरीमा संलग्न महिलाहरुलाई मात्र रोजगार महिला अन्तर्गत राखी अध्ययन गरिएको छ ।

नेपाली महिलाहरुको स्थितिलाई दक्षिण एशियाली राष्ट्रहरुसँग तुलनात्मक रुपमा अध्ययन गर्ने हो भने नेपाली महिलाको स्थिति पछाडि नै रहेको पाइन्छ । तेस्रो विश्वभित्रै नेपालको स्थिति चिन्ताजनक रहेको अवस्थामा प्रथम विश्व र दोस्रो विश्वसँग तुलना गर्नुको के औचित्य ! यद्यपि महिलाहरुको हैसियतलाई माथि उठाउन राज्यले भेदभावयुक्त कानुन खारेज गरी समानताको स्थितिमा ल्याउने प्रयास गरेको देखिन्छ । तर पनि सामाजिक यथार्थतालाई विश्लेषण गर्दा त्यो व्यवहारमा अझै लागू हुन सकिरहेको देखिदैन । नेपालमा अधिकांश महिलाहरु बेरोजगार भएता पनि केही महिलाहरु रोजगार रहेको तथ्यलाई विर्सन मिल्दैन । रोजगार महिलाहरुको स्थितिको बारेमा अध्ययन गर्दा यस विषयसँग सम्बन्धित भएर आउने विभिन्न प्रश्नहरु जस्तै : रोजगार महिलाहरुलाई वेराजगार महिलाहरुको दाँजोमा माथिल्लो दर्जामा राख्न सकिन्छ कि सकिदैन ? र रोजगार महिलाहरु वेरोजगार महिलाहरुको दाँजोमा आफूलाई कसरी मुल्याङ्कन गर्दछन् ? आदिजस्ता विषयलाई यस शोधमा प्रमुख जोड दिइएको छ। यसका अतिरिक्त रोजगार महिलालाई कुनै पनि निजी वा सार्वजनिक सेवामा संलग्न हुनमा मद्दत पुऱ्याउने तत्वहरु के-के हुन् ? र शिक्षित महिला र रोजगार सँग सम्बन्धित विषयहरुको पनि विश्लेषण गरिएको छ । सामान्यत : निम्न अनुसन्धान समस्यासँग केन्द्रित भई यस शोधपत्रलाई अगाडि बढाइएको छ ।

१) नेपाली महिलाहरु आर्थिक आर्जन हुने कार्यमा किन आशातित रुपमा सहभागीता हुन सकिरहेका छैनन् ?

२. नेपाली समाजमा महिला वर्गलाई पुरुष सरह शिक्षित र रोजगार तुल्याउन नसक्नुका कारण के के हुन् ?

३. रोजगार तथा शैक्षिक कार्यमा लैङ्गिक समानता किन छैन ?

४. रोजगार महिलाहरु आफ्नो पेशाबाट सन्तुष्ट छन् या छैनन् ?

५. रोजगारबाट प्राप्त आयले उनीहरुको पारिवारिक जीवनमा कस्तो योगदान पुऱ्याएको छ?

## १.३ अध्ययनको उद्देश्य

साधारण रुपमा भन्ने हो भने रोजगार महिलाहरुको सामाजिक, आर्थिक स्थितिको अध्ययन गर्नु यस अध्ययनको साधारण उद्देश्य रहेको छ भने यसको विशिष्ट उद्देश्यहरुलाई निम्न अनुसार प्रस्तुत गर्न सकिन्छ ।

क)	अध्ययन क्षेत्रका रोजगार महिलाहरुको सामाजिक र आर्थिक अवस्थालमई प्रकाश पार्ने ।

ख)	रोजगार महिलाहरुले कसरी घरको काम र बाहिरी कामलाई समायोजन गरेका छन् ? सो को पत्ता लगाउने।

ग)	महिलाहरुको रोजगारी प्रतिको धारणा पत्ता लगाउने ।

## १.४ अध्ययनको औचित्य

संसारका सवै समाजमा  पुरुषको तुलनामा महिलाहरुको  अवस्था निकै कमजोर रहेको छ । समाजले महिला र पुरुषलाई भिन्ना भिन्नै भूमिका निर्वाह गर्न बाध्य बनाएको छ । यस्ता लैङ्गिक असमानताका लक्षणहरु हाम्रो देशमा मात्र नभई विश्वमा प्राय : सबै देशहरुमा पाईन्छ । लैङ्गिक समानताको सवालले घरपरिवारका साथसाथै राष्ट्रिय तथा अर्न्तराष्ट्रिय स्तरमा महत्व राख्दछ ।  त्यसैले लैङ्गिक समानताका लागि आवाज उठाउनु अति आवश्यक छ । लैङ्गिक समानताको  सबैभन्दा ठुलो महत्व समाजमा लैङ्गिक असमानताको खोजि गर्नु, पहिचान गर्नु, र त्यसको समाधान गर्नुसंग संवन्धित रहेको हुन्छ तर नेपालमा गरीएका लैङ्गिक अध्ययनहरु पुरुषवाट, पुरुषमुखी भएर, उत्तरदाता समेत पुरुषनै भएर गरीएका छन् । यसरी गरीने पक्षपाति अध्ययनले लैङ्गिक असमानतालाई उजागर गर्ने नाटक गरेतापनि त्यसको समाधानको वाटो पहिल्याउन कठिन हुन्छ । त्यस कारण लैङ्गिक दृष्टिकोणबाट लैङ्गिक सवालहरुलाई प्रभावकारी ढंगले प्रस्तुत गर्न महिलावादी भएर अध्ययन गर्न आवस्यक छ  । आज जति पुरुष रोजगार छन् त्यति महिला नहुनुमा सामाजिक तथा सास्कृतिक परिपाटी जिम्मेवार रहने गर्दछ ।

नेपाली समाजको पारिवारिक वा सामाजिक संरचनामा पुरुषहरुको प्रधानता रहने भएकोले महिलाको स्थिति खस्कन गएको अनुमान लगाइन्छ तापनि महिलाको विद्यमान स्थिति रहनुमा अन्य खालका सामाजिक, आर्थिक र साँस्कृतिक तत्वहरुले पनि ठूलो भूमिका खेलेका हुन्छन् । सरसर्ती हेर्दा वा कुनै पनि अनुसन्धान दाताले अनुसन्धान गर्दा महिलाको स्थान पुरुषको दाँजोमा तल रहेको पाइन्छ भन्ने गर्दछन् तर एउटै धरातल भित्रका महिलाहरुको सामाजिक आर्थिक र सास्कृतिक स्थितिको भने अध्ययन गरेको कम पाइन्छ । सामाजिक पारिवारिक इज्जत तथा विविध सुविधा र अवसरहरुको पनि यि श्रेणीका महिलाहरुमा समान रुपले वितरण भएको पाइदैन । यसरी एउटै आमाको सन्तान भएर पनि कोही

शिक्षित र कोही अशिक्षित, कोही रोजगार र कोही वेरोजगार रहनु, वेरोजगार महिलाको स्थिति तल रहनु, वेरोजगार महिलाहरु भन्दा रोजगार महिलाहरु पारिवारिक जीवनमा बढी सन्तुष्ट देखिनु आदि महिलाहरुमा भएको समान र असमान अवस्थाहरुको पनि अध्ययन यस शोध अनुसन्धानले गर्ने हुनाले यो अध्ययन महत्वपूर्ण र औचित्यपूर्ण रहने छ भन्ने विश्वास गरिएको छ ।

## १.५ शोधपत्रको साङ्गठनिक ढाँचा

यो शोधपत्रलाई साङ्गठनिक रुपमा ५ अध्यायमा विभाजन गरिएको छ । पहिलो परिच्छेदमा शोधपत्रको परिचय अन्तरगत अध्ययनको पृष्टभूमि, समस्याको कथन, अध्ययनको उद्देश्य, यसको औचित्य आदिका बारेमा चर्चा गरिएको छ भने दोस्रो अध्यायमा सर्न्दभ साहित्यको समिक्क्षा रहेको छ जस् अन्तरगत शैदान्तिक समिक्षा, आनुभविक समिक्क्षा र अवधारागत ढाँचालाई समावेस गरिएको छ । अध्याय तीन अनुसन्धान विधिको रहेको छ । जसमा शोध ढाचा, अध्ययन क्षेत्र छनैटको औचित्य, समग्रता र नमुना छनौट विधि, तथ्यांक संकलन विधि, अध्ययनको सिमा जस्ता विषय वस्तु समावेस गरिएका छन् । त्यसै गरि चौथो अध्यायमा रोजगार महिलाको सामाजिक तथा आर्थिक अवस्थाको वारेमा चर्चा गरिएको छ भने अन्तिम अध्याय सारांश र निर्ष्कषको रहेको छ ।

# अध्याय - दुई

# साहित्य समीक्षा

प्रस्तुत अध्ययनमा महिलासँग सम्बन्धित विभिन्न पक्षको बारेमा यस भन्दा अघिल्ला अध्ययन गरिएका तथ्यलाई मार्ग दर्शक तत्वको रुपमा लिने गरिन्छ । महिलाको स्थिति लाई पनि आ-आफ्नो Perspective अनुसार हेर्ने गरिन्छ । संयुक्त राष्ट्र संघको परिभाषालाई उद्धृत गर्दै केन्द्रीय तथ्याङ्क विभागले Status लाई यसरी उल्लेख गरेको छ । "Women's status as the conjunction of position a women occupies as, worker, student, wife mother of the power and prestige attached to these positions and of the rights and duties she is expected to exercise (CBS, 2069)

## २.१ सैद्धान्तिक समीक्षा

यस अर्न्तगत महिला सम्बन्धी भएका फरक फरक दृष्टिकोणहरुको चर्चा गरिन्छ । महिलाको स्थितिलाई विभिन्न दृष्टिकोणको आधारमा हेर्न सकिन्छ ।

मार्क्सवादी यस विचार अनुसार समाज विकसित हुने क्रममा सामन्तवादी आर्थिक प्रणालीको समाप्ती पछाडी समाज क्रमिक रुपले शहरीकरण, आधुनिकीकरणका माध्यमबाट पुजीवादी आर्थिक पद्धतीमा पूर्णरुपमा स्थापित हुन पुग्दछ र हरेक सवालमा economic super structure को domination कायम हुन पुग्दछ । त्यस वखत महिलाको स्थितिको मापदण्ड पनि उनीहरुको आर्थिक पहुँच नै हुन पुग्दछ । यस दृष्टिकोण अनुसार जो महिलाहरु आर्थिक हैसियतले माथि छन् स्वभाविक रुपमा उनीहरुको स्थिति पनि उच्च नै मानिन्छ । मार्क्सवादी दृष्टिकोणबाट हेर्दा महिलाको स्थितिको निर्धारक तत्व भनेको उनीहरुको आर्थिक गतिविधिमा श्रेष्ठताको सवाल हो ।

परनिर्भरतावादी दृष्टिकोणले नवमार्क्सवादी विचारधारालाई प्रत्याभूत गरेको छ । कुनैपनि घटनाक्रम वा हरेक अवस्था हरुलाई केन्द्र र परिधी को अवधारण अनुसार हेर्ने मान्यता यस दृष्टिकोणको रहेको छ । महिलाको स्थितिलाई पनि यही दृष्टिकोणले हेर्दा हिन्दु समाजको सामाजिक, साँस्कृतिक मान्यताले नै

महिलाहरुलाई पुरुषको Dependent parts को रुपमा व्याख्या गर्न सकिन्छ । सामाजिक, आर्थिक तथा निर्णय प्रक्रियाका हरेक क्षेत्रहरुमा पुरुषहरु केन्द्र तथा महिलाहरु परिधिको रुपमा रहेको जस्तो अनुभूती हुन्छ ।

प्रकार्यवादी दृष्टिकोणका प्रख्यात समाजशास्त्री Emile Durkheim द्वारा अध्ययन पद्धतीको रुपमा विकसित गराइएको यस Approach लाई Malinowaski तथा अमेरिकी समाजशास्त्री Talcott Parsons सम्मका व्यक्तिहरुले अपनाएको देखिन्छ । यो अवधारणाले हरेक सामाजिक इकाइहरुको प्रकार्यगत एकताले सामाजिक समग्रता तयार भएको हुनछ । महिला पुरुष तथा महिला- महिला विचका हरेक तहहरुले समाजमा समरुपता स्थापित गर्ने भूमिका खेलीरहेका हुनछन् । यिनीहरु एक अर्कामा Co-related हुन् । त्यसकारण समाजका कुनैपनि इकाइहरुलाई विरोधी एकाई को रुपमा नभई प्रकार्यगत एकाइको रुपमा हेरिनु पर्दछ । त्यसबाट नै सामाजिक प्रणाली तयार भएको हुन्छ ।

महिलावादी दृष्टिकोणबाट महिलाको स्थिति लाई हेर्दा महिलाहरुको शक्ति र समाजमा उनीहरुको विद्यामान अवस्थामा क्रमिक सुधार भैरहेको र अझ सुधार हुदै जानुपर्ने आवश्यकता देखिन्छ । आजभन्दा करिब ११० वर्ष अघि सन् १८८९ मा फ्रान्सको पेरिसमा Clara Zetkin द्वारा महिलावादी आन्दोलनको आवश्यकता विषयमा प्रकाश पारिएको थियो । विभिन्न सामाजिक दमनचक्रबाट अधिकांश महिलाहरु पिडित भएका छन्, यस्ता दमन र महिला उपर हुने सबैखाले कुचक्रका अवशेषहरुलाई निरुत्साहित पार्न सकेमा मात्र विद्यमान नेपाली महिलाहरुको स्थितिमा सुधार हुन सक्छ भन्ने कुराको वकालत यस दृष्टिकोणबाट गर्न खोजिएको छ । यस Approach ले महिलाको स्थितिलाई Male Dominated Status को रुपमा हेर्ने गरेको पाइन्छ ।

सन् २००८ मा संयुक्त राष्ट्रसंघद्वारा प्रकाशित महिला जनसंख्या र विकाससँग सम्बन्धित एउटा प्रतिवदनले वर्तमान महिलाको अवस्थालाई यसरी व्याख्या गरेको पाइन्छ । "The low status of women is the result of many factors, first traditions and practices have perpetuated this condition. Societies look at women's role as mainly for child bearing many countries in Asia marry their girls young encoraging early and frequent child

bearing. There is a world wode evidence of the negative effects on both mother and child of early child bearing. Adolescent mother run a greater rissk anaemia, toyemia and obstetric complication. About 50,000 women die from pregnancy realated cause 99% of them in developingcountries including Nepal (UNFPA, 2008).

## २.२ नेपालमा महिलाको आर्थिक विकासमा सहभागीता

नेपाली महिलाहरु खेतबारीको काममा पुरुषहरु भन्दा झण्डै चार घण्टा बढी समय बिताउने गर्छन् । महिला विकासका लागि पाँचबर्षे रणनीति योजना (१९९४-१९९९) सँग सम्बन्धित तथ्याङ्कहरु अनुसार महिला किसानहरुले खेतीमा दैनिक ९:९ घण्टा व्यतित गर्ने देखिएको छ । पुरुष किसानहरुले खेतमा बिताउने समय दैनिक ५.८ घण्टा रहेको छ । कूल ग्रामीण घरायसी आम्दानीमा पनि महिलाको सहभागीता बढी देखिन्छ । तथ्याङ्कले सो आम्दानीको ५०% महिलाबाट प्राप्त हुने कुरा स्पष्ट पारेको छ । उक्त आम्दानीमा पुरुषले ४४ प्रतिशत योगदान छ भने केटाकेटीको सहभागीता ६ प्रतिशत रहेको देखिन्छ (CEDA, 1991) .

रोजगारी तथा आय आर्जन क्षेत्रमा समेत महिला संलग्नता कम देखिन्छ । यद्यपी सन् १९८० सम्म नेपाली महिलाहरुको पारिवारिक आय प्रणालीमा ५०% संलग्नता देखिन्छ । अझ कृषि क्षेत्रको उत्पादनमा ७०% महिला संलग्नता छ करिब २७.४% महिलाहरुले गरेको कार्यलाई मात्र आर्थिक आयसँग सम्बन्धित कार्यको रुपमा लिने गरिन्छ । उनीहरुले गरेको घरायसी कार्यलाई आर्थिक कार्य मानिदैन (Acharya and Bennetti, 1981) .

विकासमा महिलाको सहभागीता विगत २ दशक अघिदेखि बढ्दै आएको ज्वलन्त विषय हो । विकासका हरेक क्षेत्रमा महिला सहभागीता तथा निर्णय प्रक्रिया मा समेत उनीहरुको संलग्नतालाई व्यापकरुपमा अघि बढाउन सकेमात्र देशको समुन्ततीको परिकल्पना गर्न सकिन्छ । यसै परिप्रेक्ष्यमा महिला शसक्तिकरण आजको अपरिहार्य विषय बनिसकेकोछ । सशक्तिकरण भनेको स्वावलम्बन तथा स्वनिर्भर बन्ने प्रक्रिया हो । हाम्रो देशको सन्दर्भमा स्वावलम्बन तथा स्वनिर्भर महिलाको प्रतिशत अनुपातिक

रुपमा कम देखिन्छ । परनिर्भरताको अनुपात विचार गर्दा नेपालमा शिक्षित रोजगार महिलाहरु बढी आत्मनिर्भर देखिन्छन् तर पनि निर्णय प्रक्रियामा उनीहरुको पहुँचमा खासै वृद्धि देखिैन ।

### २.३ नेपालमा महिलाको शैक्षिक स्थिति

राष्ट्रिय जनगणना २०६८ ले देशका ५ वर्ष वा सो भन्दा माथिल्लो उमेरका कुल २,३९,२६,४५१ जनसंख्यामा ६५.९% व्यक्तिहरु साक्षर रहेको देखाएको छ । यो उमेर समूहक कुल पुरुषको ७५.१%र महिलाको ५७.४% साक्षर रहेका छन् । यसैगरी ६ वर्ष वा सो भन्दा माथिल्लो उमेरका कुल जनसंख्याको ६५.९% पुरुष र महिलाको छ ।गत २०५८ सालको जनगणना अनुसार ६ वर्ष वा सो भन्दा माथिल्लो उमेरका व्यक्तिहरुको कुल साक्षरता दर ५४.१% रहेकोमा पुरुष साक्षरता दर ६५.५% र महिला साक्षरता दर ४२.८% थियो (CBS, 2069) । प्रस्तुत तथ्याङ्क हेर्दा विगत १० वर्षमा महिला साक्षरता दर करिब १५% ले वृद्धि भएको देखिन्छ । यसैगरी शहरीक्षेत्रका महिलाहरु मध्ये ७५.२० % साक्षर रहेको दखिन्छ भने ग्रामीण क्षेत्रका महिलाहरु मध्ये ५३.८३ % साक्षर देखिन्छ (CBS, 2069)। तर वर्तमानमा यो दर वढेर पुरुषको ७५.१ र महिलाकौ ५७.४ पुगेको छ  भने समग्र ६५.९ प्रतिशत पुगेको छ (के.त.वि. २०७५) ।

भौगोलिक क्षेत्र अनुसार हेर्दा हिमालमा ५०.०९%, पहाडमा ६०.१५% र तराईमा ५२.३६% महिलाहरु साक्षर देखिन्छ । विकास क्षेत्र अनुसार महिला साक्षरता दर हेर्दा सबैभन्दा बढी पश्चिमाञ्चलमा ६३.३७% र सबैभन्दा कम सुदुर-पश्चिमाञ्चलमा ५१.९३% देखिन्छ । यसैगरी पूर्वाञ्चलमा ५९.०२%, मध्यमाञ्चलमा ५५.१९% र मध्य-पश्चिामाञ्चलमा ५५.६६% माहिलाहरु साक्षर रहेको पाइन्छ (CBS, 2069)।

सामान्य साक्षरता दर हेर्दा ठीकै जस्तो लागेपनि समग्रमा नेपालमा महिलाको शैक्षिक स्थिति सामान्य साक्षरता दर हेर्दा ठीकै जस्तो लागेपनि समग्रमा नेपालमा महिलाको शैक्षिक स्थिति सामान्य साक्षरता दर हेर्दा ठीकै जस्तो लागेपनि समग्रमा नेपालमा महिलाको शैक्षिक स्थिति स्नातकोत्तर तहमा १७.६५% र विद्यावारिधी तहमा १७.९% मात्रै देखिन्छ र यो प्रतिशत प्रमाणपत्र तहदेखि विद्यावारिधी तहसम्म क्रमशः घट्दै गईरहेको देखिन्छ । यसैगिरी विद्यालय तहमा शिक्षिकाको संख्या र प्रतिशत हेर्दा महिलाको स्थिति निकै कमजोर देखिन्छ । प्राथमिक तहमा २८.६%, निम्न माध्यामिक तहमा १५.९% र माध्यामिक

तहमा १०.१% मात्रै महिलाको उपस्थिति रहेको कुरा शिक्षा तथा खेलकुद मन्त्रालयबाट प्राप्त तथ्याङ्कले देखाउँछ (CEDA, 1991)।

यसैगरी त्रि.वि. योजना महाशाखाबाट प्राप्त विवरण अनुसार उच्च शिक्षाको प्राध्यापन कार्यमा केवल १८.१७% अर्थात् एक चौथाई भन्दा पनि कम महिलाको सहभागिता देखिन्छ (CEDA, 1991)

## २.४ आर्थिक स्थिति

देशका कुल परिवारको १९.७१ प्रतिशत परिवारहरुमा महिलाके नाममा घर वा जग्गा रहेको देखिएको छ । गत २०५८ सालको जनगणनामा महिलाको नाममा घर वा जग्गा भएका परिवारहरु ९.११ प्रतिशत मात्र भएकोमा अहिले यो संख्या वढेर २५.९ पुगेको छ । आजको दिन सम्म पनि नेपालमा गरिवीको सख्या घट्न सककेको छैन अहिले पनि यो संख्या २१.६ प्रतिशत अर्थात ६० लाख मानिस अहिले पनि गरिवीको रेखामुनी वाँचीरहेका छन् । औषतमा ४.६ जना व्याक्ति एउटा घरमा वस्दछन् भने यो संख्या शहरमा ४.२ प्रतिशत र ग्रामिण भेकमा ४.८ प्रतिशत रहेको देखाएको छ (नेपाल लिभिड स्ट्याण्डर सर्भे २०१८) ।

त्यसैगरि ८५.८ प्रतिशत घरधुरीले मोवाईल फोन प्रयोग गर्दछन् भने ७.५ प्रतिशत घरधुरीले लेण्डलाईन फोन प्रयोग गर्दछन त्यसैगरि ३७.९ प्रतिशत घरधुरीले टि.भि. केवलको माध्यमवाट हेर्दछन । ११.९ ले ईन्टरनेट प्रयोग गर्दछन (के.त.वि. २०१८) ।

## २.५ स्वास्थ्य स्थिति

नेपालको कुल जनसंख्या २,६४,९४,५०५ मध्ये ५,१३,३२१ अपाङ्गता भएका जनसंख्यामा पर्दछन् । त्यसमध्ये महिला अपांगता २,३३,२३५ जना रहेका छन् । अपांगता अर्न्तगत शारीरिक अशक्तता, दृष्टिविहीन, बहिराहरु, मानसिक वाधा भएका र बहु अशक्तपना पर्दछन् । हाल आएर नेपालमा जन्मदरको अवस्था हेर्दा प्रति महिला बच्चाको स्थिति क्रमशः घट्दो क्रममा रहेको पाइन्छ । कुल प्रजनन दर सन् २००० मा ४.६८ रहेकोमा सन् २०१२ सम्म आइपुग्दा यो अनुपात २.४१ मा झरेको देखिन्छ ।वि.सं. २०६८ सालको जनगणनाअनुसार १० वर्ष वा सो भन्दा माथिल्लो उमेरका कुल

जनसंख्याको ३५.६% व्यक्तिहरु अविवाहित रहेको देखिन्छ। १० वर्ष वा सो भन्दा माथिल्लो उमेरका कुल पुरुषहरुको ४०.६% र महिलाहरुको ३१.१% अविवाहित रहेको पाइएको छ । उमेरका कुल पुरुषहरुको ४०.६% र महिलाहरुको ३१.१% अविवाहित रहेको पाइएको छ। त्यस्तै १० वर्ष वा सो भन्दा माथिल्लो उमेरका कुल जनसंख्याको ३५.६% व्यक्तिहरु अविवाहित रहेको देखिएको छ । १० वर्ष वा सो भन्दा माथिल्लो उमेरका कुल पुरुषहरुको ४०.६% र महिलाहरुको ३१.११% अविवाहित रहेको पाइएको छ । त्यस्तै ११ वर्ष वा सो भन्दा माथिल्लो उमेरका व्यक्तिहरु मध्ये ५७.५% को एक विवाह भएको देखिएको छ। एकविवाह भएका पुरुष र महिलाहरु उनीहरुको कुल जनसंख्याको क्रमशः ५२.७ र ६१.८% रहेका छन् । एकल महिलाहरुको जनसंख्या १० वर्ष वा सो भन्दा माथिल्लो उमेरका कुल महिलाको ४.६१% रहेको छ । स्वास्थ्य सम्बन्धी परिसुचकमा नेपाली महिलाहरुलाई राखेर हेर्दा मातृमृत्युदर प्रति लाखमा ४३९ देखिन्छ । जुन समग्र दक्षिण एशियामा नै उच्च मानिन्छ ।बालमृत्यूदर प्रति एक हजारमा सन् २००० मा ८२.९० रहेकोमा सन् २०११ मा यो संख्या घटेर ४८ पुगेको पाइन्छ । अहिले औषत आयु महिलाको ६९ वर्ष र पुरुको ६८ वर्ष रहेको देखिन्छ भने मातृ मृत्युदर एवं बाल मृत्युदरमा हरेक वर्ष क्रमशः कमी आईरहेको देखिन्छ (नेपाल लिभिड स्ट्याण्डर सर्भे २०१८)।

## २.६ महिला र हिंसा

मानव अधिकार उल्लंघन र ज्यादतीका घटनाको अभिलेख राख्ने अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को अध्ययनले यस वर्ष विगतको तुलनामा महिलामाथि हुने घरेलु हिंसा बढेको पाइएको छ । इन्सेकले सार्वजनिक गरेको मानवअधिकार पुस्तक २०१४ अनुसार यस वर्ष महिला अधिकार हननका घटना मात्र २ हजार ३ सय ४८ वटा छन् । अघिल्लो वर्ष यो ९ सय १० थियो । कथित बोक्सीकै आरोपमा यस वर्ष ६८ जना महिला प्रताडित भएको रेकर्ड छ । कतिको त ज्यान समेत लिइएको छ । पर्साको रुपौली गा.वि.स.-९ की ४५ वर्षीया पार्वतीदेवी चौधरी त्यसैमध्ये एक हुन् (नागरिक राष्ट्रिय दैनिक, २०७०।११।८) । महिला र हिंसाको वर्तमान अवस्थालाई हेर्दा सन् २०१६ सम्म ४ महिलामा १ महिला पारिवारिक हिंसा भोगेका थिए । सन् २०११ मा यो दर १ मा ३ थियो । महिला हिंसा सबै भन्दा वढि तराई क्षेत्रमा रहेको पाईन्छ खास गरि ३७ प्रतिशत २ नम्वर प्रदेशमा रहेको छ भने सबै भँदा कम ४ नम्वर प्रदेशमा १६ प्रतिशत रहेको छ (डेमोग्राफिक हेल्थ सर्भे नेपाल सरकार २०१८) । त्यसैगरि २९३ नगरपालीकाका ५९ प्रतिशत मानिस शहरमा वस्दछन् भने ४१ प्रतिशत मात्र गाउँमा वस्दछन् जुन

२०६८ मा गाउँमा ८३ प्रतिशत थियो भने शहरको केवल १७ प्रतिशत रहेको थियो ( १४ जेठ २०७६ कान्तिपुर दैनिक ) ।

## २.७ नेपालको संविधान २०७२ मा महिलाको हक

नेपालको संविधान २०७२ को भाग ३ धारा ३८ अन्तरगत मौलिक हकको रुपमा महिलाको हक शीर्षक अन्तरगत निम्न व्यवस्था गरेको पाइन्छ।

१) प्रत्येक महिलालाई लैडगिक भेदभाव विना समान वंशिय हक हुनेछ।

२) प्रत्येक महिलालाई सुरक्षित मातृत्व प्रजनन् तथा स्वास्थ्य सम्बन्धी हक हुनेछ।

३) कुनैपनि महिला विरुद्ध शारीरिक, मानसिक वा अन्य किसिमको हिंसाजन्य कार्य गरिने छैन र त्यस्तो कार्य कानुनद्वारा दण्डनीय हुनेछ।

४) राज्यका सवै निकायमा महिलालाई समानुपातिक, समावेशी शिद्धान्तका आधारमा सहभागि हुने हक हुनेछ।

५) महिलालाई शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षमा सकारात्मक विभेदका आधार मा विषेश अवसर प्राप्त गर्ने हक हुनेछ।

६) पैत्रिक तथा पारिवारिक मामलामा दम्पतिको समान हक हुनेछ।


पैत्रिक तथा पारिवारिक मामलामा दम्पतिको समान हक हुनेछ भन्ने कुरा पढ्दा र सुन्दा मीठो लागेतापनि उक्त हकहरु व्यवहारिक रुपमा खासै कार्यान्वयन हुन सकेको छैन।

## २.८ अवधारणागत ढाँचा

विश्व जनसंख्याको आधा भाग महिला वर्गले ओगटेका छन्। त्यसैले हरेक क्षेत्र र कार्यमा समानरुपमा सहभागिता र अधिकारको बाँडफाँड हुनुपर्दछ भन्ने कुरामा दुइमत छैन । समाजका हरेक कार्यमा महिलाको भूमिका पनि उत्तिकै बराबर हुनु पर्दछ, जति पुरुषको हुन्छ। साथै समान सहभागिता आजको माग पनि हो । यस अध्ययनमा अवधारणत्मकरुपमा महिलाहरुको शिक्षा पेशा र आयलाई स्वतन्त्र चलको रुपमा व्याख्या गरिएकोछ जसले उनीहरुको सामाजिक र पारिवारिक जीवनको हरेक पक्षमा

प्रभाव पारेको हुन्छ भन्ने कुराको अनुमान गर्न सकिन्छ । नेपाल सरकारको 'हरेक क्षेत्रमा अनिवार्य ३३ प्रतिशत महिला सहभागिता' नीतिका कारण नेपालमा सञ्चालित विकास निर्माण लगायतको कार्यहरुमा महिला सहभागिता पहिलाको तुलनामा उत्साहप्रद देखिन्छ । तर व्यवहारिक रुपमा औपचारिकता निभाउनका लागि मात्रै अथवा निश्किृय सहभागिता जस्तो मात्रै देखिन्छ। जै भएपनि ढिलो चाँडो यो नीतिको प्रभाव महिलाहरुमा सकारात्मक रुपमा पर्ने कुरामा दुईमत हुन सक्दैन

चित्र नं. १ अवधारणागत रुपरेखा



# अध्याय - तीन

# अनुसन्धान विधि

## ३.१ अनुसन्धान ढाँचा

यो अध्ययन वर्णनात्मक तथा अन्वेषणत्मक ढाँचामा आधारित रहेको छ । खासगरि द्धितिय स्रोतहरुवाट प्राप्त तथ्यलाई वर्णनात्मक ढाँचामा प्रस्तुत गरिएको छ भने स्थलगत सर्भेक्षणका आधारमा प्राप्त तथ्यहरुलाई अन्वेषणत्मक ढाँचा गरि २ वटा ढाँचा प्रयोग गरिएको छ । किनकि वर्णनात्मक ढंगले मात्र विश्लेषण गर्दा कतिपय आवश्यक नयाँ तथ्य प्राप्त नहुने हुनाले भएकोले आफैं संलग्न भई अन्वेषणत्मक ढंगले पनि तथ्याङ्कहरु संकलन गर्नु उचित हुने र अध्ययनका क्रममा केही नयाँ तथ्य र उपलब्धी पनि पाइन सक्ने हुनाले यो अध्ययनमा अन्वेषणत्मक विधि पनि अपनाइएको छ ।

## ३.२ अध्ययन क्षेत्र छनौटको औचित्य

यस अध्ययनका लागि नवलपरासी (व.सु.पू.) जिल्ला देवचुली नगरपालिका वडा नम्वर ०२ र ०४ लाई छनौट गरिएको छ । यो क्षेत्र अर्ध शहरी बस्ती भएपनि यहाँका केही महिलाहरु शिक्षित र रोजगार देखिनु तथा आफु स्वयम यसै क्षेत्रको वासिन्दा भएको, तथ्यांक संकलन गर्न सहज हुने हुनाले यो क्षेत्र छनौट गरिएको हो । दोस्रो यहाँ विभिन्न मा.वि.( निजी तथा सरकारी ) विभिन्न वित्तिय संस्थाहरु, आदिको उपस्थिति हुनु तथा तेस्रो उद्देश्य यस क्षेत्रमा सो सम्बन्धी अध्ययन हालसम्म पनि भएको नपाइएको परिप्रेक्ष्यमा यो क्षेत्र छनोट गरिएको हो । यो अध्ययन भविष्यमा यस सम्वन्धी अध्ययन गर्न चाहनेहरुका लागि एउटा राम्रो सन्दर्भ सामग्री हुन सक्नेछ भने देवचुली नगरपालिका ०२ र ०४ मा रहेका महिलाहरु बीचको स्थितिको भिन्नताबारे जानकारी मिल्नेछ भन्ने आशा लिइएको छ । अध्ययन क्षेत्र छनोटको अर्को महत्वपूर्ण कारण यहाँका रोजगार महिलाहरुको सामाजिक आर्थिक अवस्थालाई बाहिरबाट हेर्दा स्वभाविक रुपमा केही कौतुहल जागी विभिन्न प्रश्नहरु मनमा उठे । के बाहिर देखेजस्तो साँच्चिकै यी महिलाहरु आफ्नो पेशाप्रति सन्तुष्ट होलान् ? पारिवारिक काम र पेशागत कामबीच यिनले कसरी तालमेल गरे होलान् ? सवै जातिको उपस्थिति रहेको यो क्षेत्रमा रोजगार महिलाहरुको स्थिति वास्तवमै कस्तो होला ? आदि जस्ता प्रश्नहरु हल गर्ने उद्देश्यले यो अध्ययन क्षेत्र छनोट गरिएको हो ।

### ३.३ तथ्याङ्कको स्रोत

अध्ययनका क्रममा प्राथमिक र द्वितीय दुवै किसिमका तथ्याङ्क संकलनका स्रोतहरु अपनाइएको छ ।

#### ३.३.१ प्राथमिक श्रोत

यस अध्ययनमा अनुसन्धान कर्ता स्वयम् अध्ययन स्थलमा गई संकलन गरिएका तथ्याङ्कलाई प्राथमिक तथ्याङ्क भनिन्छ । यसमा प्रश्नावली, अन्तर्वार्ता तथा अवलोकन आदि जस्ता प्रविधि अपनाइ प्राथमिक तथ्याङ्क प्रयोग गरिएको छ ।

#### ३.३.२ द्वितीय स्रोत

द्वितीय स्रोतहरुमा प्रकाशित विभिन्न पुस्तकहरु, लेख, रचनाहरु एवं नियमित रुपमा प्रकाशन हुने पत्रपत्रिकाहरु तथा पूर्व शोधपत्रहरुलाई द्वितीय स्रोतको रुपमा प्रयोग गरिएको छ भने यसका अतिरिक्त स्थानीय स्तरमा अवस्थित विभिन्न कार्यालयका साथै सम्बन्धित नगरपालिका कार्यालयबाट सूचना संकलन गरिएको छ ।

### ३.४ समग्रता र नमूना छनौट विधि

प्रस्तुत अध्ययनमा नवलपरासी जिल्ला (व.सु.पू.), देवचुली नगरपालिका वडा नम्वर ०२ र ०४ का रोजगार महिलाहरुको बारेमा मात्र केन्द्रित रहेको छ । यस क्षेत्रका शिक्षित महिलाहरुको विवरणात्मक तथा अन्वेषणात्मक आधारमा अध्ययन गरिएको छ । यो क्षेत्रमा वसोवास गर्ने कानुनले काम गर्न दिने महिला पुरुष खासै वेरोजगार छैनन् । यो वडा चौधरी उद्योग ग्राम भएको वडा हो र रोजगारीमा सकेसम्म स्थानियलाई प्राथमिकता दिने उद्योगको नीति हुनाले सवैजसो रोजगार छन् । यो अध्ययनको उद्देश्य शिक्षित ( एस.एल.सि. वा सो भन्दा माथिल्लो डिग्री हाँसिल गरेका ) रोजगार महिलाहरु मात्र भएकोले अध्ययन क्षेत्रमा रहेका २४ महिलालाई संगणना विधिका आधारमा नमूना छनौट गरिएको छ ।

### ३.५ तथ्याङ्क संकलनको प्रविधि

छनौटमा परेका नमूनाहरुसाग अध्ययन कार्यको लागि आवश्यक विभिन्न जानकारी तथा तथ्याङ्कहरु संकलन गर्नका लागि प्रचलनमा रहेको समाजशास्त्रीय प्रचलित विधिहरु नै यस शोधपत्रमा अपनाइएको छ जसलाई निम्न अनुसार उल्लेख गर्न सकिन्छ ।

### ३.५.१ प्रश्नावली

प्रश्नावली तथ्याङ्क संकलन पद्धतिहरुमध्ये प्रमुख विधि हो । यो आफूले चाहेको तथ्याङ्कहरु, धारणाहरुलाई केन्द्रविन्दुमा राखेर तयार गरिने भएकोले यसबाट प्राप्त तथ्याङ्कहरु अरु भन्दा विश्वासिलो एवं भरपर्दो हुन्छन्

### ३.५.२ अन्तर्वार्ता

प्रश्नावलीबाट मात्र समपूर्ण तथ्य हासिल गर्न सकने सम्भावना भएकोले र कतिपय तथ्याङ्क प्राप्त गर्नका लागि अन्तवार्ता विधिको प्रयोग गरि तथ्याङ्क संकलन गरिएको छ । प्रत्यक्ष रुपमा आमने सामने उपस्थित भएर आफूले चाहेको तथ्यपरक कुराहरु निकाल्न यो विधि अत्यन्तै महत्वपूर्ण मानिन्छ । प्रश्नावलीबाट हासिल नभएका तथ्यहरु समेत यसबाट प्राप्त हुने विशवास गर्न सकिन्छ ।

### ३.५.३ अवलोकन

महिलासँग सम्बन्धित त्यस्ता घटनाहरु जुन माथि उल्लेख गरिएका तथ्याङ्क संकलनका दुई तरिकाहरुबाट प्राप्त हुदैनन् त्यस्तो प्रयोजनमा यो विधि प्रयोग गरिन्छ । यस माध्यमबाट यि श्रेणीका महिलाहरुको सामाजिक स्तर, परिवारमा आर्थिक स्वतन्त्रता, निर्णय प्रक्रियामा उनीहरुको सहभागीता, पारिवारिक सम्मान आदि यस विषयहरुमा अध्ययनकर्ता स्वयमले अध्ययन क्षेत्रमा केही समय अवलोकन गरी कतिपय तथ्याङ्क संकलन गरिएको छ ।

### ३.५.४ वैयक्तिक अध्ययन पद्धति

प्रस्तुत शोधपत्रमा समस्याको जटिलता बारे पूर्ण जानकारी दिने उद्देयले वैयक्तिक अध्ययन पद्धतिलाई तथ्याङ्क संकलनको साधनका रुपमा अपनाइएको छ । जस अनुसार विषयसँग सम्बन्धित भिन्नै श्रेणीका १/१ जना महिलाको व्यक्तिगत अवस्थालाई यस अध्ययनमा संलग्न गराइएको छ ।

## ३.६ परिभाषा्

विभिन्न शब्द र अवधारणाहरुलाई यस शोध अध्ययनको क्रममा यसरी परिभाषित गरिएको छ।

क) शिक्षित महिला: शिक्षित महिला भन्ने शब्दले प्रवीणता प्रमाणपत्र तह वा कक्षा १२ वा सो भन्दा

माथिको शैक्षिक योग्यता प्राप्त महिलालाई जनाउँछ ।

ख) रोजगार महिला: यसले घरायसी काम बाहेक बाहिरी काम गरी आर्थिक आय आर्जन गर्ने महिलाहरुलाई जनाउँछ

## ३.७ तथ्याङ्क विश्लेषणको तरिका

देवचुली नगरपालिका वडा नम्वर ०२ र ०४ मा वसोवास गर्ने रोजगार महिलाहरुवाट प्राप्त तथ्याङ्कहरुलाई विभिन्न प्रविधिहरुको प्रयोग गरि विष्लेषण गरिएको छ । फरक-फरक प्रकृतिका आँकडाहरुलाई आवस्यकता अनुसार तालिका, वृत्तचित्र, रेखाचित्र तथा स्तम्भ चित्र जस्ता प्रविधिको प्रयोग गरि अध्ययनलाई अगाडी वढाईएको छ ।

## ३.८ अध्ययनको सीमा

हरेक कार्यको आफ्नै सीमा रेखाहरु हुन्छन् र निश्चित दायरा भित्र रहर गर्नु पर्ने हुन्छ भने यो निश्चित अवस्थामा गरिने कार्य हो । अध्ययनका लागि आवश्यक पर्ने श्रोत, साधन र समयको सिमितताको कारण यस अध्ययनका लागि पनि विभिन्न सीमाहरु खडा भएका छन् । सर्व प्रथमत : यस अध्ययनमा केवल देवचुली नगरपालिका वडा नम्वर ०२ र ०४ मा वसोवास गरेका शिक्षित महिलालाई मात्र समेटिएको छ । यस अध्ययन सिमित साधन, स्रोत, समय तथा क्षेत्रमा वसोवास गर्ने केहि महिलामा मात्र गरिएको अध्ययन र निकालिएको निर्ष्कष भएकोले सवै ठाँउमा सामान्यीकरण गर्न सकिन्छ भन्न सकिदैन । यो शोध अध्ययन कार्य समय, साधन, स्रोतका साथै शैक्षिक उपाधिका लागि मात्र भएकालले गर्दा सवै पक्ष नसमेट्न सक्दछ । यसका साथै सवै पक्ष र विषयसँग सबै कुराहरुको पूर्ण विवरण दिन सकिएको छ भन्न सकिदैन र समाज र सस्कृति गतिशिल हुने हुनाले पछि पनि यस अध्ययनले अहिलेको जतिकै प्रतिनिधित्व गर्न सक्छ भन्न सकिदैन तापनि वर्तमान स्थितिको बारेमा भने यसले सही मूल्याङ्कन गर्न सक्नेछ भन्ने विश्वास र ठम्याई रहेको छ ।

# अध्याय चार

## सामाजिक तथा आर्थिक अवस्था

### ४.१ शिक्षित तथा रोजगार महिलाहरुको सामाजिक आर्थिक विवरण

शिक्षित रोजगार महिलाको अवस्थाको वारेमा अध्ययन गर्ने क्रममा उनीहरुको पारिवारिक आकार, आर्थिक वस्था, धर्म संस्कृति, पेशा तथा आयको विवरण, परनिर्भरताको अनुपात, निर्णय प्रक्रियामा उनीहरुको सहभागिता जस्ता पक्षहरुले प्रत्यक्ष र परोक्ष रुपमा प्रभाव पारेका हुन्छन् । यस अध्ययनमा शोधकर्ताले रोजगार तथा शिक्षित महिलाहरु वाट लिईएको तथ्याङ्कलाई मानिएको छ । प्रस्तुत शोधपत्रमा रोजगार महिलाहरुको आर्थिक तथा सामाजिक स्थितिको अध्ययनलाई प्रकाश पारिने भएकोले तथ्याङ्को विवेचना पनि सोहि अनुसार गरिएको छ । यस अन्तर्गत अध्ययन एकाइमा संलग्न गरिएका शिक्षित तथा रोजगार महिलाहरुको सामाजिक, आर्थिक क्षेत्रका विविध पक्षहरुलाई तालिका तथा विभिन्न चित्रको रुपमा देखाउन खोजिएको छ ।

### ४.१.१ उत्तरदाताको उमेरको विवरण

शिक्षित भएर पनि कुन उमेरका महिलाहरु बढी रोजगार छन् भन्ने कुरा तलको तालिकाबाटप्रष्ट्याइएको छ ।

**तालिका नं. १ उमेरको आधारमा उत्तरदाताको विवरण**


| क.स. | उमेर समूह | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १८-२८ | ९ | ३७.५० |
| २ | २८-३८ | ११ | ४५.८३ |
| ३ | ३८-४८ | ३ | १२.५० |
| ४ | ४८ देखि माथि | १ | ४.१७ |
| जम्मा | | २४ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५

तालिका नं. १ अनुसार छनौट गरिएका उत्तरदाताहरुको उमेरगत विवरण हेर्दा अत्यधिक संख्यामा ( ४५.८३ %) २८-३८ वर्षका महिलाहरु रहेको पाइयो । त्यसैगरी १८-२८ वर्षका महिलाहरुको संलग्नता ३७.५० % र ३८-४८ वर्ष उमेर समूहका महिलाहरुको संलग्नता १२.५० % रहेको देखियो । ५० वर्ष र सो भन्दा माथिका रोजगार महिलाहरुको उपस्थिति कम ४.१७ % मात्र देखियो किनभने ४८ वर्ष भन्दा माथिका अधिकांश महिलाहरु अशिक्षित हुनु यसको कारण हुन सक्दछ । उल्लेखित तथ्याङ्कले के देखाउँछ भने, देवचुली नगरपालिका अन्तर्गत रोजगार महिलाहरु मध्ये करिव ८४ % युवा (१८-३८ वर्ष) उमेरका छन् ।

### ४.१.२ उत्तरदाताको पारिवारिक बनौट

**वृत्त चित्र नं. १**




चित्र नम्वर १ एकात्मक परिवारको संख्या ५४.१७ % रहेको छ भने ४५.८३ % संयुक्त पारिवारिक प्रणाली भएको पाईयो । खास गरि बढ्दो व्यक्तिवादी चिन्तन, खुलापन एवं आधुनिकीकरणको प्रभाव तथा अधिकांश उद्योगमा कामगर्ने भएकोले एकात्मक परिवारको संख्या बढ्दो अवस्थामा रहेको पाइन्छ ।

### ४.१.३ शैक्षिक विवरण

यहाँ शिक्षित रोजगार महिलाहरुको शैक्षिक स्थितिलाई तलको तालिकामा प्रस्तुत गर्दै तालिकाको विवेचना समेत गरिएको छ ।

**तालिका नं. २ उत्तरदातको शैक्षिक स्थिति**

| क.स. | शैक्षिक योग्यता | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | प्रमाणपत्र तह वा प्लस टु | १५ | ४५ |
| २ | स्नातक तह | ६ | ५० |
| ३ | स्नातकोत्तर तह | ३ | ५ |
| | जम्मा | २४ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५ ।

उपरोक्त तालिका अनुसार स्नातक तह उत्तीर्ण महिलाहरु अधिक (५०%) संख्यामा रहेको देखिन्छ । यसैगरी प्रमाणपत्र तह ४५ प्रतिशत र स्नातकोत्तर ५ प्रतिशत रहेका छन् । जागिरमा बढी दक्षता चाहिने तथा त्यस्ता कामहरुको अवसर समेत कम हुने गरेकोले अधिकांश महिलाहरु सानो तहमै भएपनि काम गर्दै गरेको पाइयो ।

### ४.१.३ उत्तरदाताको जातिगत विवरण

**तालिका नं. ३ जातिगत आधारमा उत्तरदाताको विवरण**

| क.स. | जात | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ब्राह्मण/क्षेत्री | १३ | ५४.१७ |
| २ | मगर | ४ | १६.६७ |
| ३ | नेवार | ३ | १२.५० |
| ४ | तामाङ | २ | ८.३३ |
| ५ | गुरुङ | १ | ४.१७ |
| ६ | थारु | १ | ४.१७ |
| | जम्मा | २४ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५ ।

उपरोक्त तालिका नम्वर ०३ अनुसार यस वडामा अधिकांश ब्राह्मण/क्षेत्री जातिका मानिसहरु वसोवास गर्ने हुनाले रोजगारिको अवस्था ब्राह्मण/क्षेत्री जातिकै वाहुल्यता देखिन्छ । ५४.१७ प्रतिशत रोजगार महिलाहरु मध्ये ब्राह्मण/क्षेत्री समुदायका देखिन्छन् भने जनजाति ४५.८३ प्रतिशत रहेका छन् ।

### ४.१.५ उत्तरदाताको पेशागत विवरण

**तालिका नं. ४ पेशाको आधारमा उत्तरदाताको विवरण**

| क्र.स. | पेशा | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | प्राध्यापन | २ | ८.३३ |
| २ | शिक्षण (निजी) | ४ | १६.६७ |
| ३ | शिक्षण (सरकारी) | ४ | १६.६७ |
| ४ | वित्तिय संस्था | ३ | १२.५० |
| ५ | नर्सिङ | २ | ८.३३ |
| ६ | प्रशासन (नेपाल सरकार) | १ | ४.१७ |
| ७ | उद्योग | ०८ | ३३.३३ |
| जम्मा | | २४ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५

यहाँ स्थित रोजगार महिलाहरुको पेशाको प्रकृति हेर्दा सवैभन्दा बढी (३३.३३%) उद्योगमा आवद्ध रहेको पाइयो । कलेज स्तरमा -पिरेड वेसिस) पढाउने मात्र २ जना (८.३३%), सरकारी र निजी स्कुलमा बढाउने क्रमश १६.६७ प्रतिशत देखियो । यसैगरी वित्तिय संस्था (यस अन्तर्गत बैंक र सहकारी संस्थालाई राखिएको छ) मा आवद्ध महिलाहरु १२.५० प्रतिशत, नर्सिङ पेशामा आवद्ध ८.३३ प्रतिशत र सरकारी नोकरीमा ४.१७ प्रतिशत महिलाहरु रहेको पाइयो । यसबाट महिलाहरुका लागि अवसरहरुको विविधिकरण हुँदै गएको तथ्य प्रष्ट हुन आउँछ । यो क्षेत्रमा काम गर्ने उमेर समुहका एक जना पनि महिला वेरोजगार छैनन् किनकी यहाँ चौधरी उद्ययोग ग्राम रहेको छ ।

### ४.१.६ उत्तरदाताको आय विवरण

**तालिका नं. ५ मासिक आयको आधारमा उत्तरदाताको विवरण**

| क्र.स. | मासिक आय (रु.) | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ८०००-१२००० | ३ | १२.५० |
| २ | १३०००-१७००० | ७ | २९.१७ |
| ३ | १८०००-२२००० | १२ | ५०.०० |
| ४ | २३००० भन्दा बढी | २ | ८.३३ |
| जम्मा | | २४ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५ ।

तालिका नम्वर ०५ अनुसार ५० % रोजगार महिलाहरुको मासिक आय १८०००-२२००० को विचमा रहेको देखाउँदछ । यद्धपिः २३०००  भन्दा बढी आम्दानी गर्ने महिलाको संख्या नभएको नै भने होइन यिनिहरुको केवल ८.३३ % मात्र देखियो । सवैभन्दा कम आय हुने महिलाहरुले मासिक ८०००-१२००० सम्म कमाएको देखिन्छ, जो कुल संख्याको १२.५० प्रतिशत हुन आउँछ  खासगरि निजी विद्यालयहरुमा कार्यरत महिलाहरुको आम्दानी सवैभन्दा कम देखियो । आयमा विविधता देखिनुको मुख्य कारण उनीहरु कार्यरत रोजगारिका क्षेत्रहरु फरक फरक हुनु देखियो । खासगरि १३,००० देखि २३,००० कमाउने महिला उद्योमा काम गर्ने महिला भएको तथ्य अध्ययनले देखाएको छ ।

### ४.१.७ उत्तरदाताको घरायसी आर्थिक गतिविधिमा नियन्त्रण

**तालिका नं. ६ घरायसी आर्थिक गतिविधिमा नियन्त्रण**

| क्र.स. | नियन्त्रण गर्ने व्यक्ति | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सासु/ससुरा | ४ | १६.६७ |
| २ | श्रीमान् | ७ | २९.१७ |
| ३ | श्रीमती | ६ | २५.०० |
| ४ | दुवै | ७ | २९.१७ |
| जम्मा | | २४ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५ ।

तालिका नम्वर ०६ अनुसार घरायसी आर्थिक गतिविधिमा सम्बन्धित सवै पक्षहरुको नियन्त्रण उस्तै उस्तै खालको देखिन्छ । ५४.१७ प्रतिशत रोजगार महिलाहरु एकल पारिवारिक प्रणालीमा आवद्ध रहेकाले स्वभाविक रुपमा केहि हद सम्म श्रीमानको नियन्त्रण ठिकै देखिन्छ । यसैगरी २९.१७ प्रतिशत महिलाहरुको घरायसी आर्थिक गतिविधिमा श्रीमान् श्रीमती दुवैको नियन्त्रण देखिन्छ । २५ प्रतिशत रोजगार महिलाहरु सवै कुरा आफ्नै नियन्त्रणमा राख्न सफल देखिन्छन् । सायद श्रीमान्हरु वैदेशिक रोजगारको सिलसिलामा विदेशमा रहने कारणले यो सम्भव भएको हो । यसैगरी १६.६७ प्रतिशत घरायसी आर्थिक गतिविधिको नियन्त्रण सासु/ससुराको नियन्त्रणमा देखियो । श्रीमान् र श्रीमती दुवैजना शिक्षित एवं चेतनशिल भएको परिवारमा दाम्पत्य विच सुखद् मेलमिलाप एवं आपसी समझदारी बलियो भएको कारण यस्तो भएको पाइयो । यसरी समग्रमा हेर्दा रोजगार महिलाहरुको घरायसी आर्थिक गतिविधिमा नियन्त्रणको स्थिति पारिवारिक बनौट अनुसार, परिवारको शिक्षा, चेतना, आर्थिक, सामाजिक एवं सांस्कृतिक अवस्था अनुसार फरक फरक रहेको पाइयो ।

## ४.२ रोजगार महिलाहरुको दोहोरो भूमिका र यसको समायोजन

यस अध्ययनको प्रमुख उद्देश्य कसरी शिक्षित एवं रोजगार महिलाहरुले आयमूलक कामका साथसाथै घरायसी कामलाई कसरि समायोजन गरेका छन्, उनीहरुले निभाइरहेको दोहोरो भूमिकाको अध्ययन गर्नु रहेको छ ।

### ४.२.१ घरायसी काममा संलग्नता

**तालिका नं. ७ उत्तरदाताको घरायसी काममा रहेको संलग्नता र कामको विवरण**

| क्र.स. | कामको विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सरसफाइ मात्र | २ | ८.३३ |
| २ | पकाउने कार्य मात्र | ७ | २९.१७ |
| ३ | माथिको दुवै काम गर्ने | ११ | ४५.८३ |
| ४ | खेतवारिमा समेत | ४ | १६.६७ |
| ५ | जम्मा | २४ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५

तालिका नम्वर ०७ ले के स्प्रष्ट पार्दछ भने महिलाहरु आफ्नो आयमुलक वाहिरी काम बाहेक घरायसी काममा पनि पूर्ण रुपमा लागेका हुन्छन् । ८३.३३ प्रतिशत रोजगार महिलाहरु घरको सरसफाई (लुगा धुने देखि लिएर) र पकाउने कार्यमा हरदिन जसो व्यस्त रहन्छन् । अझ थप १६.६७ प्रतिशत रोजगार महिलाहरु त खेतवारीमा समेत व्यस्त रहनुपर्ने देखियो । तर पनि उनीहरुसंगको कुराकानिको क्रममा के तथ्य पत्ता लाग्यो भन्दा घरायसी काममा परिवारका अन्य सदस्यहरुले सहयोग गर्ने र एकाधलाई छाडेर धेरैको परिवार सहयोगी रहेको पाइयो । अधिकांश उत्तरदाताहरुले आफ्नो घरायसी कामलाई बोझको रुपमा नलिई वावुवाजे देखिको चलन भएकाले कर्तव्यको रुपमा सहज रुपमा निभाएको पाइयो ।

### ४.२.२ घरायसी काममा कुनै सहयोगी भए/नभएको विवरण

**तालिका नं. ८ घरायसी काममा सहयोगी भए/नभएको विवरण**

| क्र.स. | सहयोगी भए/नभएको | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | भएका | १८ | ७५.०० |
| २ | नभएको | ६ | २५.०० |
| जम्मा | | २४ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५ ।

तालिका नम्वर ०८ बहुसंख्यक रोजगार महिलाहरुले घरायसी काम गर्दा पारिवारिक साथसहयोग पाउने तथ्य प्रकट गर्दछ । ७५ प्रतिशत रोजगार महिलाहरुले घरायसी काममा सासु, ससुरा, श्रीमान्, देवर, नन्द आदिबाट केहिन केहि काममा साथ पाएको देखिन्छ भने २५ प्रतिशत महिलाहरुले कुनै पनि किसिमको सहयोग नपाएको अवस्था देखिन्छ । खासगरी एकात्मक परिवारमा आवद्ध तथा श्रीमान् विदेश हुनेहरुले बालवच्चा स्याहार, सरसफाई, पकाउने जस्ता कार्यहरु स्वयं सम्पन्न गर्नुपर्ने अवस्था देखियो । खासगरि कमाएको रकमवाट सजिलो अफ्ट्यारो परेको वेला सहयोग गर्नेहरुले छुट्टिएर वसेपनि केहि न केहि सहयोग पाएको देखिन्छ भने सहयोग नगर्नेले नपाएको तथ्य अध्ययनको समयमा परिवारजन वाट पत्ता लागेको थियो ।

### ४.२.३ निर्णय प्रक्रियामा संलग्नता

**तालिका नं. ०९ उत्तरदाताको निर्णय प्रक्रियामा सहभागिता**

| क.स. | संलग्नता | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | भएको | १४ | ५८.३३ |
| २ | आंशिक भएको | ५ | २०.८३ |
| ३ | नभएको | ५ | २०.८३ |
| जम्मा | | २४ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५ ।

तालिका नम्वर ०९ यहाँ वहुसंख्यक (५८.३३%) महिलाहरुको निर्णय लिने दिने प्रक्रियामा प्रत्यक्ष तथा सक्रिय सहभागिता देखिएको छ । त्यसैगरी अरु २०.८३ प्रतिशत महिलाहरुको निर्णय प्रक्रियामा आंशिक सहभागिता रहने गरेको देखियो भने बाँकी २०.८३ प्रतिशत महिलाहरुको निर्णय प्रक्रियामा कुनै सहभागित नरहेको अवस्था देखियो । यस दृष्टिकोणबाट हेर्दा नेपाली समाज क्रमश :महिला मैत्री बन्दै गइरहेको तथ्य उजागर हुन्छ । आज कुनै पनि निर्णयमा घर परिवारका सदस्यलाई समावेश नगर्ने हो भने पुरुषहरु घरै जान नसक्ने अवस्था समेत सृजना भएको पाईन्छ ।

### ४.२.४ आफ्नो स्वामित्वको अचल सम्पत्ति

**तालिका नं. १० अचल सम्पत्ति माथि उत्तरदाताको स्वामित्वको विवरण**

| क्र.स. | अचल सम्पत्ति भए नभएको | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | भएको | ७ | २९.१७ |
| २ | नभएको | १७ | ७०.८३ |
| जम्मा | | २४ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५

तालिका नम्वर १० बाट के स्प्रष्ट हुन्छ भने केवल २९.१७ प्रतिशत रोजगार महिलाहरुसंग मात्र आफ्नो नाउँमा जग्गाजमिन रहेको पाइयो । बाँकी ७०.८३ प्रतिशत महिलाहरुको जग्गा जमिन श्रमिान् वा ससुराको नाउँमा रहेको पाइयो । आफ्नै जग्गा जमिन हुनेहरुको स्वामित्व महिलाहरुमा खासै देखिएन भने पछिल्ला दिनहरुमा घडेरी जोड्नेहरुले महिलाको नाउँमा जग्गा राखेको देखियो । खास गरि महिलाको नाउँमा जग्गा रजिष्ट्रशन गर्दा २५ प्रतिशत राजस्व छुट दिने सरकारी नीतिको प्रभावले गर्दा श्रीमतीको नाममा पास गरेको तथ्य वताएका थिए भने भन्न नमिले मात्र हो श्रीमतीको नामा जग्गा पास गर्दा अंशवन्डा नलाग्ने हुनाले माईतीले दिएको दाईजो हो भनेर पनि पास गरेको वा परिवारलाई ढाँटेको समेत पाईयो

### ४.२.५ आफ्नो वर्तमान पेशा प्रतिको धारणा

**तालिका नं. ११ आफ्नो वर्तमान पेशाप्रति उत्तरदाताको धारणा**

| क्र.स. | धारणा | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पूर्ण सन्तुष्ट | १२ | ५०.०० |
| २ | आंशिक सन्तुष्ट | ५ | २०.८३ |
| ३ | असन्तुष्ट | ७ | २९.१७ |
| जम्मा | | २४ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५

तालिका नम्वर ११ अनुसार यस वडाका ५० प्रतिशत रोजगार महिलाहरु आफ्नो पेशा प्रति सन्तुष्ट देखिन्छन् । खासगरी सरकारी निकाय, वित्तिय संस्था, नर्सिङ सेवा आदिमा कार्यरत महिलाहरु आफ्नो पेशाप्रति सन्तुष्ट रहेको पाइयो । यसैगरी २०.८३ प्रतिशत महिलाहरु आंशिक रुपमा मात्र सन्तुष्ट रहेको देखियो । सायद क्षमता एवं योग्यता भन्दा तल्लो तहको काम वा तलवमान यसको कारण हुन सक्दछ । यसै गरी २९.१७ प्रतिशत रोजगार महिलाहरु आफ्नो पेशाप्रति विलकुलै असन्तुष्ट रहेको पाइयो । यो श्रेणीमा खासगरी निजीविद्यालय तथा सरकारी भएपनि निजी श्रोतमा कार्यरत महिलाहरु पर्दछन्, जहाँ परिश्रमको बढी शोषण हुने, समयमा तलव नपाईने कारण असन्तुष्ट भएको कुरा स्थलगत कार्यवाट पत्ता लागेको थियो ।

### ४.२.६ निजी सवारी साधन र सञ्चार साधन सम्बन्धी विवरण

नवलपरासी जिल्लाको देवचुली नगरपालिका एक अर्ध शहरी क्षेत्र भएता पनि यातायातका साधनको प्रयोग वढ्दो क्रममा देखिन्छ । हिजो आज साइकल, मोटर साइकल /स्कुटर एक आम यातायातको साधन बनेको छ । अन्तर्वार्ता, अवलोकन आदिको क्रममा उत्तरदाताले प्रयोग गर्ने मोवाइल तथा स्कुटर देखेर यसको वारेमा चर्चा गर्न मन लाग्यो । खास गरि यहाँ मोवाइल, स्कुटर भए नभएको भन्दा पनि कति मूल्य पर्ने प्रयोग गरिन्छ भन्ने सवाललाई उठान गर्न खोजिएको छ । यसबाट उनीहरुको आर्थिक स्थिति, खर्चको प्रवृत्ति आदि कुराहरु बुझ्न मद्धत पुग्दछ भन्ने विश्वासका साथ यस सम्बन्धी तथ्याङ्क निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १२ उत्तरदाताको स्वामित्वमा स्कुटर भए नभएको**

| क्र.स. | स्वामित्व | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | छ | २२ | ९१.६७ |
| २ | छैन | २ | ८.३३ |
| जम्मा | | २४ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५ ।

तालिका नम्वर १२ अनुसार यहाँका रोजगार महिलाहरु मध्ये ९१.६७ प्रतिशत संग आफ्नै नाममा स्कुटर रहेको पाइयो । खासगरी कार्यक्षेत्रमा रोजगारको लागि आउन जान यसको प्रयोग भएको देखियो । तर ८.३३ प्रतिशत रोजगार महिलाहरु अझै पनि साइकल, बस जस्ता सवारी साधन प्रयोग गरी रोजगार

स्थलमा आउने जाने गरेको पाइयो । यसरी अधिकांश रोजगार महिलाहरु आर्थिक रुपमा आत्म निर्भर देखिएको र स्कुटर प्रयोगले समाजमा उनिहरुको सकारात्मक मूल्याङ्कन हुने गरेको देखियो ।

**तालिका नं. १३ उत्तरदाताको मोवाइलको मूल्य सम्बन्धी विवरण**

| क्र.स. | मूल्य | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १०,००० सम्म | ४ | १६.६७ |
| २ | ११,००० -२०,००० | १२ | ५०.०० |
| ३ | २१,०००-३०,००० | ५ | २०.८३ |
| ०४ | ३१,००० भन्दा माथि | ३ | १२.५० |
| जम्मा | | २४ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५

तालिका नम्वर १३ अनुसार रु. १०,००० सम्म मूल्यको मोवाइल सेट प्रयोग गर्ने रोजगार महिलाहरु १६.६७ प्रतिशत देखिएबाट अधिकांश रोजगार महिलाहरु महंगो मोवाइल सेट प्रयोग गर्दछन् भन्ने देखाउँदछ । ५०.०० प्रतिशत रोजगार महिलाहरुले त रु. ११,००० -२०,००० सम्मको मोवाइल सेट प्रयोग गरेको देखियो । त्यसै गरि २०.८३ प्रतिशत महिलाहरुले २१,०००-३०,००० सम्मको मोवाईल फोन प्रयोग गरेको पाईएको थियो भने १२.५० प्रतिशत महिलाहरुले सामसुङ ग्यालेक्सी फोर, एप्पलको आइ फोन जस्ता रु. २,००,००० बढी मूल्य पर्ने मोवाइल सेट पनि प्रयोग गरेको देखियो । तर कुराकानीका क्रममा यस्ता महँगा मोवाइल सेटहरु विदेशमा रहेका आफ्ना नातेदारहरुबाट उपहार स्वरुप प्राप्त भएको कुरा प्रकाशमा आयो । फेरी पनि यी सवै तथ्यहरुबाट अधिकांश रोजगार महिलाहरु तडक भडक एवं देखावटीपन तर्फ नजानिंदो पाराले उन्मुख हुँदै गइरहेको अनुमान गर्न सकिन्छ । यो प्रवृतिले एकातिर तडक भडकलाई प्रश्रय दिएको पाईन्छ भने अर्को तिर हामिलाई परनिर्भर वनाउदै लगेको देखिन्छ ।

## ५.३ रोजगार महिलामा रोजगारी प्रतिको सन्तुष्टी

रोजगार महिलाहरु आफ्नो रोजगारी प्रति कत्तिको सन्तुष्ट छन् र किन भन्ने कुरा यहाँ प्रष्ट पार्न खोजिएको छ । आफ्नो पेशा प्रति मानिसहरु प्राय सन्तुष्ट हुदैनन् भन्ने आम वुझाई रहेकोले यसको पत्तालगाउनु महत्वपुर्ण पक्ष हो । तलको तालिका नम्वर १४ मा यसको विष्लेषण गरिएको छ ।

**तालिका नं. १४ रोजगार महिलामा रोजगारी प्रतिको सन्तुष्टी सम्वन्धि धारणा**

| क.स. | धारणा | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पूर्ण सन्तुष्ट | ०८ | ३३.३३ |
| २ | आंशिक सन्तुष्ट | ०९ | ३७.५० |
| ३ | असन्तुष्ट | ७ | २९.१७ |
| जम्मा | | २४ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५

तालिका नम्वर १४ अनुसार यस वडाका ३३.३३ प्रतिशत रोजगार महिलाहरु आफ्नो पेशा प्रति सन्तुष्ट देखिन्छन् । खासगरी सरकारी निकाय ( सरकारी स्कुलमा स्थाई भएका) वैंकिड संस्था, सरकारी नर्सिङ सेवा आदिमा कार्यरत महिलाहरु आफ्नो पेशाप्रति सन्तुष्ट रहेको पाइयो । यसैगरी ३७.५० प्रतिशत महिलाहरु आंशिक रुपमा मात्र सन्तुष्ट रहेको देखियो । खासगरि क्षमता एवं योग्यता भन्दा तल्लो तहको काम वा तलवमान यसको कारण हो । यसै गरी २९.१७ प्रतिशत रोजगार महिलाहरु आफ्नो पेशाप्रति विलकुलै असन्तुष्ट रहेको पाइयो । यो श्रेणीमा खासगरी निजीविद्यालय तथा सरकारी भएपनि निजी श्रोतमा कार्यरत महिलाहरु पर्दछन्, जहाँ परिश्रमको बढी शोषण हुने, समयमा तलव नपाईने कारण असन्तुष्ट भएको कुरा स्थलगत कार्यवाट पत्ता लागेको थियो ।

रोजगार महिलाहरु आफ्नो रोजगारीप्रति कत्तिको सन्तुष्ट छन् र किन भन्ने तथ्य यहाँ महत्वपुर्ण छ । यसबाट धेरैजसो महिलाहरु आफ्नो पेशाप्रति असन्तुष्ट रहेको र अफ्नो कामप्रति ज्यालाको कारण असन्तुष्ट रहेको भएपनि वेरोजगार रहनु पर्दा तथन सामाजिक रुपमा हेरिने दृष्टिकोण पनि फरक पाईने हुनाले वाहिर गर्वको भाव राख्ने गरेको पाइन्छ । सन्तुष्ट देखिने आधार र कारणहरुमा सवैभन्दा मुख्य कुरो उनीहरुले रोजगारीबाट प्राप्त गर्ने आय नै हो । वेरोजगारहरुको संख्या अत्यधिक रहेको हाम्रो समाजमा रोजगार पाउनु र त्यहीमाथि महिला भएर आत्मनिर्भर र स्वावलम्वन जीवन जिउन पाउनु चानचुने कुरो पक्कै होइन । रोजगारले गर्दा समाजको उनीहरुप्रतिको दृष्टिकोण सकारात्मक हुनु अर्को महत्वपूर्ण पक्ष हो । यसैगरी आयमूलक काममा संलग्न महिलाहरुले अशिक्षित एवं वेरोजगार महिलाको तुलनामा आफ्नो घर परिवार र समाजबाट बढी नै सरसहयोग, सद्भाव एवं हौसला पाउनु पनि अर्को

महत्वपूर्ण पक्ष मान्नु पर्दछ । असन्तुष्टिका कारणहरुमा योग्यता भन्दा तल्लो तहको काममा कार्यरत रहनु र योग्यता अनुसारको तलव सुविधा नपाउनु पाइयो । खासगरी निजी विद्यालयहरुमा कार्यरत जनशक्ति अन्यको तलनामा असन्तुष्ट रहेको पाइयो । अर्को छुटाउन नहुने पक्ष के देखिन्छ भने प्रायः रोजगार महिलाहरु अन्य सामाजिक, राजनीतिक एवं आर्थिक क्रियाकलापहरुमा पनि अरु भन्दा बढी सक्रिय देखिन्छन् । विभिन्न सामाजिक कार्यहरुमा उनीहरुको सहज अगुवाई हुने, सवैले विश्वास पनि गर्ने, यसैगरी राजनीतिक रुपमा पनि अरु भन्दा बढी चेतनशील एवं सक्रिय रहने तथा आर्थिक रुपमा पनि आमसमूह, ढुकुटी, वचत आदि कार्यक्रम सञ्चालन गरेर आत्मनिर्भर गर्ने दिशातर्फ उन्मुख रहेको पाइन्छ । यसरी रोजगार महिलाहरु अन्यको तुलनामा सामाजिक रुपमा मान प्रतिष्ठा युक्त, राजनीतिक रुपमा चेतनशील र आर्थिक रुपमा स्वावलम्वन वन्दै गइरहेको तथ्यलाई समाजका सवै तप्काका व्यक्तिहरुले स्वीकार गरेको पाइन्छ । शिक्षित रोजगार महिलाहरुको समग्र स्थिति अन्य वेरोजगार महिलाहरुको तुलनामा सन्तोषजनक रहेको तथ्य अध्ययनवाट प्राप्त भएको छ ।

# अध्याय - पाँच

## सारांश र निश्कर्ष

यस अध्यायमा समग्र अध्यायहरुको शिलसिलावद्धरुपमा संक्षेपिकरण गर्दै अनुसन्धानवाट पत्ता लगाईएका मूलभूत तथ्यहरुलाइ निचोडको रुपमा प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

### ५.१ सारांश

सैद्धान्तिक रुपमा महिला र पुरुष विच भिन्नता नरहेपनि व्यवहारिक रुपमा विश्वव्यापी नै असमानता छ र देशै पिच्छे यसको दर र स्वरुप फरक हुन सक्दछ । अविकसित तथा विकसोन्मुख देशको तुलनामा विकसित देशमा विभेद कम भएपनि ती देशहरुमा समेत समाजका अर्थ राजनीति, प्रशासन तथा सामाजिक व्यवस्थामा महिलाको उल्लेख्य स्थान रहन सकेको छैन । घरायसी कार्यबाट अधिकांश महिला अलग हुन नसकेको एउटा अवस्था छ भने प्राकृतिक रुपमा नै महिलाहरुले बच्चा जन्माउनु पर्ने तथा त्यसको स्याहार, सुसारमा बढी ध्यान दिनुपर्ने अवस्थाले उनीहरु पुरुष सरह घरबाहिरका सार्वजनिक वा सामाजिक काममा संलग्न हुन कठिन देखिन्छ । अझ ईस्लाम धर्म मान्ने धार्मिक कट्टरता रहेका समाजमा महिला स्वतन्त्रताको पक्ष निकै कमजोर अवस्थामा छ । विश्वमा नै पितृसत्तात्मक पारिवारिक ढाँचा रहेको कारण संरचनागत तथा संस्थागत रुपमा नै लैङ्गिक विभेदको विकास भएको छ । विश्वका विकसित देशहरुको साथसाथै कतिपय दक्षिण एशियाली देशहरु भन्दा पनि नेपाल पछाडि रहेको अवस्था छ । २०६८ सालको जनगणानाले नेपालका ५ वर्ष वा सो भन्दा माथिल्लो उमेरका कूल जनसंख्यामा ६५.९ प्रतिशत व्यक्तिहरु साक्षर रहेको देखाएको छ । यो उमेर समूहका कूल पुरुषको ७५.१ प्रतिशत र महिलाको ५७.४ प्रतिशत साक्षर रहेका छन् । यसैगरी देशमा महिला परिवार मूली रहेका परिवारहरु २५.७३ प्रतिशत पुगेको देखिएको छ । २०६८ को गणनामा देशका कूल परिवारको १९.५ प्रतिशत प्रतिशत परिवारहरुमा महिलाको नाममा घर वा जग्गा रहेको देखिएकोमा अहिले यो वढेर २५.९ प्रतिशत पुगेको देखिन्छ । त्यसैगरि ५९ प्रतिशत मानिस शहरमा वस्दछन् भने ४१ प्रतिशत मात्र गाउँमा वस्दछन् ।

आर्थिक उपार्जन हुने कार्यमा संलग्न हुने प्रक्रिया नै रोजगारी हो । आयमूलक कार्यमा नेपालका महिलाहरुको उपस्थिति हेर्दा स्थिति चिन्ताजनक देखिन्छ । नेपालको रोजगारका प्रत्येक क्षेत्रमा महिला र पुरुष बीच विभेद छ । आयमूलक कामका विभिन्न क्षेत्रमा महिला र पुरुषको सहभागिता समान खालको नभएपनि बदलिदो राजनैतिक व्यवस्था, पश्चिमीकरण र आधुनिकीकरणको बढ्दो प्रभावल गर्दा अहिले नेपालमा पनि महिला शिक्षाको अनिवार्यतालाई केही दशक अगाडी देखि लिएर स्विकार गरिएको पाइएको छ ।

नेपालको संविधान २०७२ ले पनि लैंगिक भेदवाव रहित समाजको स्पष्ट व्याख्या गरेको छ । हाल आएर महिलाहरुले घरायसी धन्दाको रुपमा गर्ने कामलाई पनि आयमूलकको दर्जामा राखेर अध्ययन गर्ने परिपाटीले धेरैजसो महिलाहरुलाई आर्थिक रुपमा क्रियाशील देखाएको पाइएता पनि यथार्थमा रोजगार महिलाहरुको संख्या न्यून छ । रोजगार महिलाहरुको स्थितिको बारेमा अध्ययन गर्दा यस विषयसँग सम्बन्धित भएर आउने विभिन्न प्रश्नहरु जस्तै नेपाली महिलाहरु आर्थिक आर्जन हुने कार्यमा किन आशातित रुपमा सहभागीता हुन सकिरहेका छन् वा छैनन् ? नेपाली समाजमा महिला वर्गलाई पुरुष सरह शिक्षित र रोजगार तुल्याउन नसक्नुका कारण के के हुन् ? रोजगार तथा शैक्षिक कार्यमा लैङ्गिक समानता किन छैन ? रोजगार महिलाहरु आफ्नो पेशाबाट सन्तुष्ट छन् या छैनन् ? रोजगारबाट प्राप्त आयले उनीहरुको पारिवारिक जीवनमा कस्तो योगदान पुऱ्याएको छ ? भन्ने जस्ता प्रश्नको उत्तर यसले खाजेको छ ।

यस अध्ययनको उद्देश्यमा अध्ययन क्षेत्रका रोजगार महिलाहरुको सामाजिक र आर्थिक अवस्थालमई प्रकाश पार्ने, रोजगार महिलाहरुले कसरी घरको काम र बाहिरी कामलाई समायोजन गरेका छन् ? सो को पत्ता लगाउने, महिलाहरुको रोजगारी प्रतिको धारणा पत्ता लगाउने  रहेका छन् । यो अध्ययन वर्णनात्मक तथा अन्वेषणत्मक ढाँचामा आधारित रहेको छ **भने** यस अध्ययनका लागि नवलपरासी ( व.सु.पू.) जिल्ला देवचुली नगरपालिका वडा नम्वर ०२ र ०४ लाई छनौट गरिएको छ । प्राथमिक तथा तथ्याङ्क भनिन्छ । यसमा प्रश्नावली, अन्तर्वार्ता तथा अवलोकन आदि जस्ता प्रविधि अपनाइ प्राथमिक तथ्याङ्क द्वितीय स्रोतहरु प्रयोग गरिएको अध्ययन गरिएको छ । एस.एल.सि. वा सो भन्दा माथिल्लो डिग्री हाँसिल गरेका रोजगार २४ महिलालाई संगणना विधिका आधारमा छनौट गरि अध्ययन गरिएको छ ।

उत्तरदाताको उमेरगत विवरण हेर्दा अत्यधिक संख्यामा (४५.८३ %) २८-३८ वर्षका महिलाहरु रहेका छन् भने १८-२८ वर्षका ३७.५० %, ३८-४८ वर्ष १२.५० %, ५० वर्ष र सो भन्दा माथिका ४.१७ % मात्र रहेका छन् । परिवारको आकारलाई हेर्दा एकात्मक परिवारको संख्या ५४.१७ % रहेको छ भने ४५.८३ % संयुक्त पारिवारिक प्रणालीका छन् । शैक्षिक स्थितिलाई हेर्दा स्नातक तह उत्तीर्ण ५०%, प्रमाणपत्र तह ४५ प्रतिशत र स्नातकोत्तर ५ प्रतिशत रहेका छन् । ५४.१७ प्रतिशत ब्राह्मण/क्षेत्री भने जनजाति ४५.८३ प्रतिशत रहेका छन् । पेशाको रुपमा ३३.३३% उद्योगमा कलेज स्तरमा पढाउने ८.३३%, सरकारी र निजी स्कुलमा बढाउने क्रमश १६.६७ प्रतिशत, वित्तिय संस्था मा आवद्ध महिलाहरु १२.५० प्रतिशत, नर्सिङ पेशामा आवद्ध ८.३३ प्रतिशत र सरकारी नोकरीमा ४.१७ प्रतिशत महिलाहरु रहेका छन् ।

मासिक आय तर्फ १८०००-२२००० को विचमा वढि रहेको छ । २३००० भन्दा बढी आम्दानी गर्ने ८.३३ % रहेका छन् भने मासिक ८०००-१२००० सम्म कमाएउने १२.५० प्रतिशत रहेका छन् । आयमुलक वाहिरी काम बाहेक घरायसी काममा ८३.३३ प्रतिशत, १६.६७ प्रतिशत खेति किसानी गर्दछन्, ७५ प्रतिशत रोजगार महिलाहरुले केहि न केहि काममा साथ पाएको देखिन्छ भने २५ प्रतिशत महिलाहरुले कुनै पनि किसिमको सहयोग पाएका छैनन् । निर्णय प्रक्रियामा ५८.३३% को सक्रिय सहभागिता छ भने २०.८३ प्रतिशत महिलाहरुको निर्णय प्रक्रियामा आंशिक सहभागिता रहने गरेको देखियो भने बाँकी २०.८३ प्रतिशत महिलाहरुको निर्णय प्रक्रियामा कुनै सहभागित नरहेको अवस्था छ । ३३.३३ प्रतिशत पेशा प्रति सन्तुष्ट छन्, ३७.५० प्रतिशत आंशिक सन्तुष्ट र २९.१७ प्रतिशत पेशाप्रति विलकुलै असन्तुष्ट रहेको पाइयो ।

## ५.२ निष्कर्ष

संसारका सवै समाजमा महिला केहि न केहि रुपमा महिला पछि परेको अवस्था सत्य हो तर त्यसमा रुप, कारण अवस्था फरक हुन सम्दछ । नेपाल पनि यो परिपाटीवाट अलग हुन सकेको छैन । नेपालमा

महिलाको स्थिति हेर्नुपर्दा कुनै एक अमुक परिवार वा समाजमा मात्र नभई सिङ्गो राष्ट्रमा उनीहरुको हैसियत र स्थानलाई हेर्नुपर्ने हुन्छ । आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिक, शैक्षिक गरी हरेक क्षेत्रमा उनीहरुको संलग्नताले उनीहरुको हैसियतलाई निर्धारण गर्दछ । नेपालमा महिलाको हैसियत पुरुषको तुलनामा कमजोर रहेको तथ्यलाई सर्वस्वीकार्य मानिन्छ । जसले गर्दा हाल आएर महिला सहभागीता एवं शशक्तिकरणका लागि नेपाल सरकारद्वारा विभिन्न प्रकारका नीति, कार्यक्रम तथा बजेटहरु विनियोजन गरिएको पाइन्छ । महिलाको स्थितिलाई पुरुषसँग तुलना गरेर हेर्ने गरिएको पृष्ठभूमिमा यो अध्ययन अलि भिन्न प्रकृतिको रहेको छ । यो अध्ययनले उठाउन खोजेको मुख्य विषय वर्तमान समाजमा रोजगार महिलाहरुको स्थितिका सम्बन्धमा हो ।

आर्थिक सक्षमताले महिलाहरुको स्थिति निर्धारणमा महत्वपूर्ण भूमिका निभाएको पाईयो । रोजगारमा संलग्न रही स्वतन्त्र आर्थिक हैसियत बनाएका महिलाहरुलाई परिवार, समाज सबैले सम्मान गर्ने गरेको पाइयो । रोजगार महिलाहरुको घरको निर्णय प्रक्रियामा पनि राम्रो सहभागिता देखियो । अधिकांश रोजगार महिलाहरु आफ्नो पेशाप्रति सन्तुष्ट देखिएता पनि योग्यता भन्दा तल्लो तहको काम गर्नुपर्दा केही हदसम्म निराशा पनि देखिन्छन् । महिलाहरु आफूले निभाउने दोहोरो भूमिकालाई ठूलो समस्या एवं बोझको रुपमा लिँदैनन् भन्ने तथ्य अध्ययनले प्रमाणित गरेको छ किनकि सबैजसो रोजगार महिलाहरु वाहिरी काम र घरायसी कामबीच तालमेल मिलाउन सफल रहेको तथ्यले यो कुराको पुष्टि हुन्छ । आफ्नो स्थितिका बारेमा बहुसंख्यक महिलाहरु पूर्ण रुपमा सन्तुष्ट रहेको पाइयो । ९१.६७% रोजगार महिलाहरुसँग आफ्नै स्कुटर हुनु र अधिकांशले महंगो मोबाइल फोन प्रयोग गरेको देखिनुले सामाजिक स्तर निर्धारणप्रति उनीहरु बढी नै सचेत रहेको जस्तो देखिएता पनि खर्च गर्ने प्रवृत्ति नजानिदो पाराले अनुत्पादक क्षेत्रतर्फ बढ्दै गएको हो कि जस्तो पनि देखिन्छ । जे जस्तो भएपनि समग्रमा भन्नुपर्दा रोजगार महिलाहरुको समाजमा सम्मानजनक हैसियत रहेको तथ्यलाई कसैले अस्विकार गर्न सकिदैन ।

# सन्दर्भग्रन्थसूची

कान्तिपुर दैनिक २०७६ जेठ १४ ।

जि.वि.स. नवलपरासी द्वारा प्रकाशित नवलपरासी जिल्ला पार्श्वचित्र, २०६९ ।

नागरिक राष्ट्रिय दैनिक, २०७० फागुन ८ ।

नेपालको अन्तरिम संविधान, २०६३ कानुन किताव कम्पनी, काठमान्डौ नेपाल ।

नेपालको संविधान, २०७२, कानुन किताव कम्पनी, काठमान्डौ नेपाल

देवचुली नगरपालिकाको विवरण, २०७५ ।

देउवा, आरजु, नेपालमा महिला तथा गरिबी, जावलाखेल, ललितपुर : महिला विकास प्रशिक्षण केन्द्र ।

राष्ट्रिय जनगणना (२०६८) संक्षिप्त नतिजा, केन्द्रीय तथ्याङ्क विभाग, थापाथली, काठमाडौं, मंसीर २०६९।

विष्ट, डोरबहादुर (२०३०) सबै जातको फूलबारी, काठमाडौंः साझा प्रकाशन ।

CBS. (2069). Population Report of Nepal. Kathmandu: CBS.

CBS. Nepal Living Standard Survery 2010/11, Vol. 3. Kathmandu: CBS.

CBS. Nepal Living Standard Survery (2018) Kathmandu Nepal .

Pradhan, B. (1991). Women and Development: The overworked link. Kathmandu: CEDA.

Population Reports (2012). *Ending Violence against Women*, The Population Information programme Centre Communication programmes, the John Hopkins University School of Public health in Collaboration with Centre for Health and Gender Equity (Change), Volume XXVII, Number 4.

Rai, Rita (2019). Gender Equality in Nepal, at a Crossroads of Theory and Practice

Status of Women in Nepal (2018) , Demographic Health Survey Gov. Org. Np.

Sahavagi Nepal (2015) Progress Of Women in Nepal

SAATHI (2012). *Study on the Psycho-social Impacts of Violence against Women and Girl with Special Focus on Rape*, in Caste and Polygamy Kathmandu: SAATHI.

WHO (2017). *A Report on Domestic Violence against Women and their Health Status in South-East Asia*, Thailand: World Health Organization.

UN (2008). The World's Women 2000: Trends and Statistics. New York: UN.

UNDP (2004). Human Development Report. New York: UNDP. Acharya, M. & Beneit, L. (1981). The rural women of Nepali an aggregate analysis and summary of Village Studies.

UNFPA (2008). Reproductive health and rights in Nepal.

Uprati Devendra (2018). Bibliography Of Selected Works Of Meena Acharya, Martin Chautari, Kathmandu Nepal .

# परिशिष्ट - एक

## वैयक्तिक अध्ययन

### १) शर्मिला राना मगर

शर्मिला राना मगरको उमेर ३३ वर्षको छ र उनी विवाहित हुन् । उनको विवाह २५ वर्षको उमेरमा भएको थियो । उनले अ.न.मि. गरेपछि स्वस्थ्य शिग्क्षा मेजर विषय लिई कक्षा १२ सम्मको अध्ययन पुरा गरेकी शर्मिला अहिले एउटा बच्चीकी आमा बनिसकेकी छन् भने दुम्कौली प्राथमिक स्वास्थ्य केन्द्रकी नर्स हुन । श्रीमान् र १ बच्चा गरी यिनको परिवारमा जम्मा ३ सदस्य छन् । सासु ससुरा नभई आफ्नो परिवार सँग मात्रै भएकोले यिनको परिवार एकात्मक हो । श्रीमान पनि प्राइभेट बैकमा काम गर्छन । शर्मिला राना पारिवारिक रुपमा आफू पूर्ण स्वतन्त्र रहेको बताउँछिन । श्रमिान् बाट पर्याप्त सहयोग पाइरहेको बताउने शर्मिला रानाले यसै प्रसङ्गमा भनिन् “आफूले लगानी गरे अनुसारको जागिर गरी आर्थिक आयश्रोतमा हैसियत राख्न पाएकोमा खुशी लाग्दछ ।” आर्थिक कमाइ नभएको भए सायद श्रीमान् बाट मलाई यति ठूलो सम्मान र सहयोग हुदैनथ्यो होला भन्ने उनको कथन रहेको छ ।

आज आफ्नो आर्थिक अवस्थाको कारण आफ्नै खुट्टामा उभिन सक्ने भएकोले नातागोता, समाजबाट समेत राम्रो व्यवहार पाएको उनी बताउँछिन् । मासिक रुपमा पारिश्रमिक प्राप्त हुने हुनाले आफ्नो हैसियत सक्षम भए जस्तो मान्न शर्मिला रानाले आफ्नो मुख्य घर परिवारलाई पनि राम्रो किसिमले समायोजन गरिरहेको बताइन् । उनको नाममा जग्गा जमिन रहनुका साथै बैङ्क खाता रहेको छ । “आफ्नै कमाइ भएर होला मलाई श्रीमान् सँग यस्तो चाहियो भनेर भन्ने अवस्था सृजना भएको छैन तर हामी आपसी सल्लाहबाट नै हरेक काम गर्दछौं” भन्ने कुरा उनले बताइन् ।

उनलाई श्रीमान्ले घरायसी काममा सहयोग गर्दै आएका छन् । घरायसी कामको लागि अर्को सहयोगी समेत उनको परिवारमा रहेको पाइयो । आफ्नो वर्तमान स्थिति प्रति आफू पूर्ण सन्तुष्ट भएको पनि उनले उत्तर दिने क्रममा बताइन् । नेपालमा अधिकांश महिलाहरुको हैसियत भन्दा आफ्नो हैसियत माथि भएको कुरा उनीबाट बुझियो । यस वैयक्तिक अध्ययनको सारांश ले के देखाउँछ भने

महिलाहरुको स्थिति लाई निर्धारण गर्ने अरु विभिन्न तत्वहरु मध्ये एउटा महत्वपूर्ण तत्व उनीहरुको आर्थिक पहुँच हो । जुन आर्थिक रुपले सक्षम हुन्छन्, आफ्नै पौरखले २ पैसा कमाउन सकछन् त्यसबेला उनीहरु तुलनात्मक रुपले पनि सम्मानित हुन्छन्, प्रशंसित हुन्छन्, निर्णय दिन सक्षम हुन्छन् अनि स्वतन्त्र भई सम्मानजनक हैसियतमा वाच्न सक्दछन् ।

## परिशिष्ट - दुई

**२) मिना चौघरी**

मिना चौघरी ३७ वर्षकी भईन र उनि विवाहित हुन् । उनको घर देवचुली ४ गर्दुवा हो भने माइती कावासोति १ साँढ हो । उनले स्नातक तह सम्मको अध्ययन पुरा गरि स्नातकोत्तर तह अध्ययनरत गरेकी छिन् । यिनको १ छोरा र एक छोरी छन् । २ बच्चाहरुकी आमा बनिसकेकी मिना चौघरी एक वोडिड स्कुलकी शिक्षिका हुन् । ससुरा, श्रीमान् र २ बच्चा गरी यिनको परिवारमा जम्मा ५ जनाको संयुक्त परिवार हो । श्रीमान् पनि चौधरी उद्योगमा रियल जुश उत्पादन गर्ने शाखामा उत्पादन अप्रेटरको काम गर्छन् । मिना एक शिक्षित र रोजगार महिला भइकन पनि पारिवारिक रुपमा आफू आंशिक स्वतन्त्र रहेको बताउँछिन् । ससुरा घरमा भएपनि घरायसी काममा कुनै सहयोग नपाएको दुखेसो उनको छ । योग्यता धेरै भएता पनि गाउँको बस्ती र पारिवारिक समस्याले गर्दा योग्यता अनुसारको तलब नपाएपनि घरमा वस्दा आम्दानी नहुने झन् प्रताडित हुनुपर्ने भएकोले थोरै तलव भएपनि जागिर खान गएको दुःखेसो व्यक्त गर्छिन् । तलव र आर्थिक अवस्थाको कारण पेशाबाट चाँही त्यति उनि सन्तुष्टी नरहे पनि पढेरपनि केहि गर्न नसके घरपरिवार सवैले हेप्ने हुनाले वाध्य भएर जागिर खाएको कुरा उनि वताउदछिन् । उनको नाममा १ कठ्ठा जग्गा भने रहेको छ । निर्णय प्रक्रियामा पनि न्यून संलग्नता छ । संयुक्त परिवारमा वस्नु तथा कम तलवका कारण रोजगारी भएता पनि हरेक कार्यमा स्वईच्छा अनुसार खर्च गर्न नसक्ने यिनको विचार छ ।

यस वैयक्तिक अध्ययनले देखाए अनुसार महिलाहरुको शैक्षिक योग्यता हुँदा हुदै पनि पारिवारिक ढाँचा र परम्परागत परिपाटीले गर्दा र योग्यता अनुसारको अवसर नपाउँदा मानिसमा मनोवैज्ञानिक प्रभावले खिन्नता उत्पन्न हुन पुग्दछ । महिलाहरुको स्थितिमा यस मनोवैज्ञानिक प्रभावले ठूलो भूमिका खेलेको हुन्छ । आर्थिक रुपले यद्यपी उनले थोरै कमाए पनि वेरोजगार रहन भन्दा जागिर खाँदा सामाजिक रुपमा सम्मानित र प्रशंशित हुनेहुनाले जागिर नछोडेको उनको भनाई रहेको छ ।

## परिशिष्ट- तीन

## प्रश्नावलिहरु (Questionnaire)

त्रिभुवन विश्वविध्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तरगत स्नातकोत्तर तह दोस्रो वर्षको आंशिक आवस्यकता परिपुर्तीका लागि नेपालमा शिक्षित रोजगार महिलाहरुको स्थिति नामक शिर्षकको प्रयोजन स्वरुप  निमार्ण गरिएका प्रश्नावलिहरु भएकोले यसवाट प्राप्त सुचना अन्य कुनै कार्यमा प्रयोग नगरिने तथा गोपनियतालाई पनि ख्याल गरिने व्यहोरा अवगत गराउदै यहाँहरुको पुर्ण सहयोगको अपेक्षा गर्दछु ।

१) उत्तरदाताको पुरा नाम : ...................२) लिङ्ग .......      ४) जाति .......
५) टोल ........ ६) वडा नं. ...........

२) पारिवारिक विवरण

| सि.नं. | नाम | उत्तरदाता सँगको सम्बन्ध | लिङ्ग | जात | वैवाहिक स्थिति | शैक्षिक स्तर | पेसा | अन्य |
|---|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | | |
| २. | | | | | | | | |
| ३. | | | | | | | | |

३) तपाईले दैनिक कति घण्टा काम गर्नुहुन्छ ?

क) ८ घण्टा    ख) १० घण्टा

ग) १२ घण्टा    घ) १६ घण्टा

४) तपाईको परिवारमा महत्वपूर्ण निर्णय कसले गर्दछ ?

क) श्रीमानले    ख) श्रीमतीले

ग) दुबैले    घ) सासु ससुराले

५) महत्वपूर्ण घरायसी निर्णयमा श्रीमान र श्रीमती मध्ये कसको भुमिका महत्वपूर्ण मान्नुहुन्छ ?

क) श्रीमानको    ख) श्रीमतीको

ग) दुबैको बराबर    घ) सासु ससुराले

६) तपाई घरायसी काममा श्रीमानले सहयोग गर्नुहुन्छ ?

क) गर्नुहुन्छ    ख) गर्नुहुन्न    ग) कहिलेकाहि गर्नुहुन्छ

७) कति बच्चा पाउने र कति अन्तरमा पाउने भन्ने निर्णय कुरामा पति-पत्नीमा सल्लाह हुन्छ कि हुदैन ?

क) हुन्छ                ख) हुदैन्

८) तपाईको कुरामा श्रीमान तथा परिवारमा सुनुवाई हुन्छ कि हुदैन् ?

क) हुन्छ                ख) हुदैन्

९) तपाईको विचारमा महिला पछि पर्नुको कारण के हो ?

क) शारीरिक कमजोरीले                ख) आफ्नै कारण

ग) परिवारको बन्धनले

१०) तपाईको आफ्नो नाममा जग्गा जमिन अथवा पेवा छ कि छैन ?

उत्तर :

११) तपाईको उमेर कति भयो ?

क  २० देखि ३०वर्ष                ख ३० देखि ४० वर्ष

ग ४० देखि ५० वर्ष                घ ५० वा सो भन्दा वढि

१२ तपाइ कस्तो पविारमा वस्नु हुन्छ?

क संयुक्त                ख  एकात्मक

१३  तपाइ कुन पेशामा संलग्न हुनुहुन्छ?

क शिक्षक स्कुल/क्याम्पस                ख बैंक

ग प्रशासनघ नर्स/डाक्टर                घ अन्य

१४  तपाइले मासिक कति पारिश्रमिक पाउनु हुन्छ?

क ८०००-१२००० रुपैया                ख १३०००-१७००० रुपैया

ग १८०००-२२००० रुपैया                घ २३००० भन्दा बढी

१५ वैंकमा खाता खोलि वैंक व्यालेन्स गर्नु भएको छ?

१६  क तपाइको नाममा कतै जग्गा जमिन छ?

क छ                                  ख   छैन

१७  तपाइ यो पेशामा कस्को इच्छाले संलग्न हुनुभएको हो?

क आफ्नो                  ख  श्रीमानको        ग  दुबैको

१८ तपाइको घरमा आर्थिक पक्षको निणय कसले गर्दछ?

क आफ्नो                ख श्रीमानको          ग दुवैको

१९  तपाइ स्वतन्त्र वा आश्रृत को हुनुहुन्छ?

क स्वतन्ब                        ख  आश्रित

२० तपाइको घरमा कुनै घरेलु सहयोगि राख्नु भएको छ?

क छ                         ख   छैन

२१  के तपाइ घरायासि निणर्य प्रकृयामा संलग्न हुन पाउनुहुन्छ ?

क पुर्ण संलग्नता            ख आंसिक संलग्नता            ग पाउदिन

२२  तपाइ आफ्नो स्थिति प्रति सन्तुष्ट हुनुहुन्छ ?

२३ तपाइ आफ्नो पेशा र तलव वाट संन्तुट हुनुहुन्छ ?

२४  तपाइको पेशा वाट आएको रकम कसले प्रयोग गर्दछ?

क आफैले                  ख श्रीमानले        ग परिवारका अन्य सदस्यले

२५ तपाइ कति वर्ष देखि यो पेशामा संलग्न हुनुहुन्छ ?

क ०५                      ख ५ १०          ग  १० १५         घ   १५वर्ष भन्दा वढि

२६ पेशा पर्वितन गर्ने कुनै सोच छ ?

२७ तपाइको रोजगारिले परिवारमा कस्तो प्रभाव पारेको छ ?